# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग हो । मूल्याङ्कनको मद्दतले सिकाइ उपलब्धि हासिल भए नभएको, विद्यार्थी सिक्ने पक्षमा भए नभएको तथा विद्यार्थीहरुबाट पाठ्यक्रमले तोकेको उद्देश्यहरु पूरा हुने नहुने तथा समग्र सिकाइलाई निश्चित बाटोमा लैजानका लागि समेत मद्दत गर्दछ । धेरैजसो राष्ट्रिय उपलब्धि मूल्याङ्कन र अनुसन्धानले के देखाएको छ भने, विद्यार्थीहरुको उपलब्धि मूल्याङ्कन गर्दा कुनै कक्षाको कुनै विषयलाई तोकिएको सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन विधिको तय गरिन्छ । प्राथमिक विद्यालयहरुमा शैक्षिक विषयवस्तुको लेखाजोखा गर्न निर्माण गरिएका शैक्षणिक योजनालाई मूल्याङ्कनको योजना भनिन्छ ।

मूल्याङ्कन भन्नाले कुनै पनि कुराको मूल्य निर्धारण गर्ने प्रक्रिया हो । मूल्याङ्कनलाई परीक्षण, जाँचको रुपमा पनि लिइन्छ । यहाँ शैक्षिक सन्दर्भमा मूल्याङ्कन आएकोले यसलाई विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा लिइन्छ । उद्देश्य र विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिसकेपछि विद्यार्थीहरुले के कति ज्ञान, सीप र प्रवृत्ति प्राप्त गर्न सके भनेर लेखाजोखा गर्ने कार्यलाई नै मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन सिकाइएका कुराहरु प्राप्त भए नभएको कसरी जाँच्ने? मूल्याङ्कनबाट शैक्षणिक उद्देश्यहरु कति र कुन हदसम्म प्राप्त भए भनेर लेखाजोखा गरिन्छ । यसर्थ मूल्याङ्कनलाई शैक्षणिक उद्देश्यहरु प्राप्तिको स्तर पत्ता लगाउने प्रक्रिया पनि भनिन्छ । मूल्याङ्कनले विद्यार्थीको व्यवहारमा आएको परिवर्तनको लेखाजोखा गर्दछ । यसले शिक्षक र शैक्षणिक कार्यको प्रभावकारिता पनि जाँच गर्दछ । पाठ्यक्रमको गुणस्तर पहिचान गर्दछ र समग्र शिक्षा प्रणालीको उपलब्धि लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्दछ ।

मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । विद्यार्थी मूल्याङ्कन भएन भने शिक्षण सिकाइ क्रियाकलाप निरर्थक हुन जान्छ । नेपालका शैक्षिक संस्थाहरुमा मूल्याङ्कनका नाममा परीक्षा र जाँच लिने प्रचलनको बाहुल्यता रहेको छ तर यी जाँच र परीक्षाहरु सामयिक परीक्षाहरु मात्र हुन् । यी त मूल्याङ्कनका केही साधन मात्र हुन् । मूल्याङ्कन त निरन्तर चलिरहने प्रक्रिया हो । मूल्याङ्कन प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सधैँ भइरहन्छ । सामान्य रुपमा मूल्याङ्कन भनेको कुनै वस्तु, व्यक्ति वा घटनाको र कार्यको गुणात्मक लेजाखोजा गर्ने प्रक्रिया हो तर शैक्षिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित हुन्छ । शैक्षिक मूल्याङ्कनको केन्द्रविन्दु भनेको शिक्षण सिकाइ क्रियाकलाप हो । सामान्यतया मूल्याङ्कनले कुनै पनि कार्यक्रमको समग्र पक्षको प्रभावकारिता र उपयुक्तताको परीक्षण गर्दछ भने शैक्षिक मूल्याङ्कनले मूलतः शिक्षण सिकाइ क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए भएनन भन्ने कुरालाई केन्द्रविन्दु बनाउन सम्पूर्ण शैक्षिक कार्यक्रमको नै लेखाजोखा गर्नु , व्यवहारिक परिवर्तन थाहा पाउनु, शैक्षिक प्रगति, उन्नति आदि थाहा पाउनुलाई शैक्षिक मूल्याङ्कनका रुपमा लिन सकिन्छ । विद्यार्थीको आन्तरिक एवम् बाह्य प्रगति थाहा पाउन गरिने मापन प्रक्रियालाई मूल्याङ्कनका रुपमा लिइन्छ । विद्यार्थीहरुमा उपलब्ध भएका ज्ञान,

सीप र अभिवृत्तिको लेखाजोखा गर्न, व्यक्तित्व विकास गर्न सञ्चालन गरिने निरन्तर प्रक्रियाका रुपमा मूल्याङ्कनलाई लिइन्छ ।

शैक्षिक क्षेत्रमा मूल्याङ्कन अति महत्वपूर्ण छ । मूल्याङ्कनको मुख्य औचित्य भनेको शिक्षण सिकाइमा सुधार गर्नु हो । यस अन्तर्गत परीक्षा प्रणालीमा सुधार गर्नु, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्नु , स्तर निर्धारण गर्नु , अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउनुसमेत मूल्याङ्कनमा पर्ने गर्दछन् । मूल्याङ्कनले निर्धारित उद्देश्य पूरा भए नभएको लेखाजोखा गरी यदि उद्देश्य पूरा नभएको रहेछ भने उद्देश्य पूरा गर्न नसक्नुका कारणहरु खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सघाउँछ । मानिसले आफ्नो जीवनमा आइपर्ने कपितय कामकारवाहीहरुका सिलसिलामा गल्ती कमजोरी गर्न सक्छ । त्यस्ता गल्ती कमजोरीहरुको पहिचान गरी आगामी दिनमा सुधार गरी अगाडि बढ्न मूल्याङ्कनले प्रशस्त मार्गनिर्देशन गर्दछ ।

यसैगरी नेपालको शिक्षापद्धतिलाई समय सापेक्ष रुपमा अगाडि बढाउनको लागि र देशमा योजनाबद्ध शिक्षा पद्धतिको विकास गर्ने प्रयासका रुपमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लाई महत्वपूर्ण कोशेढुङ्गाका रुपमा लिइन्छ । यसले शिक्षाको राष्ट्रिय उद्देश्यको निर्धारण, तहगत उद्देश्यको निर्धारण, व्यवस्थित र एकीकृत पाठ्यक्रम पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर (प्राथमिक १-३, निम्नमाध्यमिक ४-७ र माध्यमिक ८-१० कक्षा सम्म) शैक्षिक प्रशासन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम तथा सेवा सुरक्षाको प्रावधान जस्ता विषयहरुमा सुधारका साथै चरणबद्ध रुपमा कार्यान्वयन गऱ्यो । नेपालको शिक्षा विकासको इतिहासमा अहिलेसम्मकै महत्वपूर्ण कदमका रुपमा रा.शि.प. यो. वि. स. २०२८ लाई लिन सकिन्छ ।

रा. शि. प. यो. २०२८-३२ ले परीक्षा पद्धतिमा आन्तरिक मूल्याङ्कन प्रथा लागू गर्ने व्यवस्था गरेको थियो । प्राथमिक तहमा सिकाइने प्रत्येक पाठको अन्त्यमा विद्यार्थीहरुले बुझेका छन्, छैनन भन्ने बारेमा मूल्याङ्कन गर्ने कुराहरु पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्देशन पुस्तिकामा दिई प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा सञ्चालन गरिने, विद्यार्थीलाई परीक्षाको नतिजा दिँदा विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसलाई अन्तिम परीक्षाको अङ्कमा जोडी अन्तिम परीक्षाफल प्रकाशित गरिन्थ्यो । प्रश्नहरु सकेसम्म वैज्ञानिक बनाउने, विद्यार्थीहरुको उत्तरकापी परीक्षण गर्ने प्रथामा सुधार गरिने, प्राथमिक शिक्षाको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने, जस्तो मूल्याङ्कन प्रणालीको विकास गरिएको थियो । रा.शि.प.यो. सञ्चालन पछाडिको अवस्थामा मूल्याङ्कन प्रक्रिया आन्तरिक र बाह्य गरी छुट्याइएको थियो । ५ प्रतिशत गृहकार्य, ५ प्रतिशत निरीक्षण, २० प्रतिशत एकाइ परीक्षा, ३० प्रतिशत त्रैमासिक परीक्षा गरी आन्तरिक मूल्याङ्कनमा ६० प्रतिशत र अन्तिम परीक्षा अर्थात् बाह्य मूल्याङ्कनमा ४० प्रतिशत गरी मूल्याङ्कन गर्ने परिपाटी थियो । प्राथमिक विद्यालय तहको अन्तमा हुने जिल्लास्तरीय परीक्षामा भने प्रत्येक कक्षाको अर्थात् कक्षा १,२,३ को २५/२५ प्रतिशतका दरले जोड गरी ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत बाह्य मूल्याङ्कन गरी अगाडि बढ्ने परिपाटी थियो तर वि.सं २०३५ सालदेखि यस प्रकारको मूल्याङ्कनमा परिवर्तन

भई तीनपटकको त्रैमासिक परीक्षा १०/१० प्रतिशतले लिई ३० प्रतिशत निरीक्षण निरन्तर गरी २० प्रतिशत र अन्तिम परीक्षा ५० प्रतिशत कायम गरिएको पाइन्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्राथमिक शिक्षामा मूल्याङ्कन प्रक्रियाका बारेमा निम्न कुराहरु उल्लेख गरेको पाइन्छ । प्राथमिक तहमा बालबालिकाहरुको मूल्याङ्कन गर्ने नियमित परिपाटी अपनाउनुपर्दछ । प्रत्येक बच्चाको गृहकार्य,मौखिक कार्य, अतिरिक्त क्रियाकलाप र पाठको अन्तिममा कक्षा परीक्षा लिई सोको अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । कक्षा ३ को अन्तमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक र स्थानीय स्रोत केन्द्रका प्रधानाध्यापकले खटाएको एक जना शिक्षक समेतको समितिले विद्यार्थीको लिखित तथा मौखिक परीक्षाद्वारा मूल्याङ्कन गरी सोको नतिजा जिल्ला शिक्षा कार्यालय पढाउने व्यवस्था अपनाउनु पर्दछ । कक्षा ५ को अन्तिम परीक्षा जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालयद्वारा सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ का अुनसार प्राथमिक विद्यालयको मूल्याङ्कनमा भाषिक मूल्याङ्कनको आधार तयार गरिएको थियो । प्राथमिक शिक्षाको संरचना १-५ कायम भएकाले सानो कक्षाबाट क्रमशः ठूलो कक्षामा जाँदा सुनाइ, बोलाई, पढाइ, लेखाइको क्रमशः अङ्कभार र समय भार बढाउँदै लगिएको पाइन्छ । औपचारिक मूल्याङ्कन पद्धतिलाई त्रैमासिक परीक्षा र अन्तिम परीक्षाको रुपमा विभक्त गरिएको थियो । जसमा वार्षिक लब्धाङ्क निकाल्दा पहिलो त्रैमासिकमा विद्यार्थीले प्राप्त गरेको लब्धाङ्कले १० प्रतिशत, दोस्रो त्रैमासिकको ३० प्रतिशत र अन्तिम परीक्षाको ६० प्रतिशत जोडेर मूल्याङ्कन गर्ने परिपाटी चलाइएको थियो । विद्यार्थीले गरेको उपलब्धि हेरी सिकाइमा सुधार ल्याउन अनौपचारिक तबरबाट विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको थियो । अन्तिम परीक्षाको प्रश्नपत्र बनाउँदा सजिला ३० प्रतिशत, मध्यम खालका ६० प्रतिशत र कठिन खालका १० प्रतिशतको मिश्रण गरी बनाउनुपर्ने र (२) दुई विषयसम्म अनुत्तीर्ण विद्यार्थीका लागि मौका परीक्षाको समेत व्यवस्था गर्ने जस्ता मूल्याङ्कन सम्बन्धी नियमहरु सञ्चालनमा आएका थिए । राष्ट्रिय शिक्षा आयोग वि.सं २०४९ को आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ सालले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा र गुणस्तर कायम राख्ने साधनका रुपमा लिइएको छ । तर धेरैजसो विद्यालयहरुमा यसप्रकारका मूल्याङ्कन नीतिलाई पालन नगरिएको जनगुनासोहरु प्रशस्तै आएका छन् । कक्षाकोठाका क्रियाकलापहरु गृहकार्य, आयोजनाकार्य, अतिरिक्त क्रियाकलापहरु जस्ता मूल्याङ्कनका साधनहरुलाई परीक्षाफलमा जोड्ने गरेको पाइन्छ ।

यसैगरी विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले निम्न कुरा उल्लेख गरेको छ : विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजना कार्य, सामुदायिक कार्य, एकाई परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रबर्द्धनात्मक कार्य, साधन तथा तरिका प्रयोगमा ल्याइनेछ । उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत शिक्षामा (कक्षा १ देखि कक्षा ७ सम्म) उदार कक्षोन्नति नीतिको व्यवस्था क्रमिक रुपमा लागू गरिनेछ । यस प्रकारको व्यवस्था भए तापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी गुणस्तर

कायम गर्न स्रोतकेन्द्र तहमा परीक्षा लिइनेछ । जस्ता कुरा नीतिमा उल्लेखित भए तापनि अझै विद्यालयको मूल्याङ्कन प्रक्रियामा वार्षिक परीक्षालाई नै अन्तिम रुप मानिने गरिएको पाइन्छ । जसले गर्दा नीतिले भने बमोजिम उपलब्धि हासिल गर्न सकिएको छैन । यो नै मुख्य कमजोरी मान्न सकिन्छ ।

नेपालको विद्यालय तहको मूल्याङ्कन प्रणालीबारे शिक्षा मन्त्रालयले विभिन्न समयमा गठन भएका शिक्षा आयोगले सिफारिस गरेका कुराहरुलाई अक्षरस पालना गरी लागू गरेको छ। वर्तमान सन्दर्भमा नैपालको विद्यालय शिक्षा प्रणालीमा मूल्याङ्कनको प्रक्रिया राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि.सं २०४९ अनुसार कार्यान्वयनमा रहेको पाइन्छ । यसरी विभिन्न समयमा गठित भिन्न भिन्न शिक्षा आयोगहरुले शिक्षा पद्धतिको समय सापेक्ष सुधारका निमित्त दिएका सुझावहरुका आधारमा भिन्न भिन्न समयमा शिक्षाको उद्देश्य , संरचना, पाठ्यक्रम, पाठ्यपुस्तक, मूल्याङ्कन प्रणाली आदि पक्षहरुमा समेत परिवर्तन भएको पाइन्छ । यसरी हाल आएर हाम्रो देशमा साधारण र संस्कृत गरी दुई प्रकारका सामुदायिक विद्यालय सञ्चालनमा आइरहेका छन् भने अङ्ग्रेजी भाषालाई प्राथमिकता दिएर खोलिएका संस्थागत विद्यालयहरु पनि प्रशस्त मात्रामा छन् । Flash Report B.S. 2062 (2005-2006 A.D) का अनुसार देशभर संस्थागत विद्यालयहरु ५८७९ रहेका छन् जसमा प्राथमिक २७०३ निम्न माध्यमिक १८५५, र माध्यमिक १३२१ रहेका छन् । त्यसैगरी सामुदायिक विद्यालयहरुको संख्या वि.सं २०६५ मा आइपुग्दा देशभर ३०९२४ पुगेको देखिन्छ ( Central Bureau of Statistics, 2008) ।

हाम्रा विद्यालय तहमा शैक्षणिक मूल्याङ्कन सम्बन्धी देखिएका समस्याहरुमा निरन्तर मूल्याङ्कन प्रणालीको विकास नगरिएको, मूल्याङ्कनमा परम्परागत शैली अपनाई अनुगमन प्रणाली फितलो भएको, अभिभावकले आफ्नो बच्चाको सिकाइप्रति ख्याल गर्न नसकेको अवस्था, मूल्याङ्कनकर्ताले पुरानै बाटो अपनाइरहेको, विद्यालयको भौतिक, आर्थिक स्थिति राम्रो नभएको, राम्रो व्यवस्थापन हुन नसकेर गुणस्तर झन खस्केको परिस्थितिले शैक्षणिक मूल्याङ्कनका समस्याहरु देखिएको छ। नेपालको प्राथमिक विद्यालय शिक्षामा मूल्याङ्कनका सबै साधनहरु क्रियाशील बनाइएको छैन, सम्बन्धित वर्गमा मूल्याङ्कन सम्बन्धी आधारभूत ज्ञान र सीपको कमी देखिन्छ साथै परीक्षामुखी शिक्षण प्रक्रिया रहेको छ ।

मूल्याङ्कन प्रणालीको बारेमा तुलनात्मक रुपमा हेर्दाखेरी सामुदायिक विद्यालयले त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षामा मात्र जोड दिएर विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइन्छ तर संस्थागत विद्यालयहरुले पनि वार्षिक परीक्षाका साथसाथै कक्षाकार्य, गृहकार्य, अवलोकन, खेलकुद, अतिरिक्त क्रियाकलाप , व्यक्तित्व विकास जस्ता सम्पूर्ण कुराहरुको आधारमा मूल्याङ्कन गर्ने गरेको पाइन्छ । तसर्थ सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि केही बढी देखिन आएको पाइएको छ । त्यसैगरी मूल्याङ्कन सम्बन्धी नीति नियमलाई विद्यालयहरुले राम्रोसँग बुझेर कार्यान्वयन गर्न नसक्दा शैक्षिक उपलब्धिमा प्रभाव परेको छ ।

**१.२ समस्याको कथन**

प्राथमिक शिक्षा विद्यालय जाने उमेरका (६-१० वर्षसम्मका ) बालबालिकालाई प्रदान गरिने आधारभूत शिक्षा हो । प्राथमिक शिक्षाको आधारमा नै सम्पूर्ण शैक्षिक प्रणालीको लेखाजोखा गरिन्छ देशमा सञ्चालित सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राथमिक शिक्षामा सहभागिता गराई शैक्षिक उपलब्धि प्राप्त गर्न हरसम्भव प्रयास गरिनुपर्ने देखिन्छ । हाम्रो देशको सन्दर्भमा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको मूल्याङ्कन प्रणालीलाई हेर्दा सामुदायिक विद्यालयहरु त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षामा मात्र केन्द्रित रहेर विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्दछन् । यस्तो मूल्याङ्कनले विद्यार्थीको सम्पूर्ण पक्षको विकास गर्न सक्दैन । त्यसैगरी संस्थागत विद्यालयको मूल्याङ्कन प्रणाली पनि विशेष गरी परीक्षा प्रणालीमै आधारित छ । तर त्यस्ता विद्यालयले गृहकार्य, कक्षाकार्य, अवलोकन, खेलकुद, अतिरिक्त क्रियाकलापको माध्यमबाट पनि विद्यार्थीको व्यक्तित्व विकास गर्ने कुरालाई जोड दिएका छन् । संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको शैक्षिक उपलब्धिमा संस्थागतको शैक्षिक उपलब्धि केही राम्रो देखिन्छ । यसो हुनुमा नियमित पठनपाठन, कक्षाकार्य, गृहकार्य, निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्था, अतिरिक्त क्रियाकलापको व्यवस्था आदि कारणहरु रहेका थियो । यो अध्ययन मुख्यतः निम्न लिखित प्रश्नहरुको उत्तर प्राप्त गर्नमा केन्द्रित रहको थियो :

(क) संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु के कस्तो छ ?

(ख) सामुदायिक विद्यालयले कस्तो मूल्याङ्कन नीति अपनाएको छ ?

(ग) संस्थागत विद्यालयले कस्तो विद्यार्थी मूल्याङ्कन नीति अपनाएको छ?

(घ) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयहरुमा सञ्चालित विद्यार्थी मूल्याङ्कनको प्रक्रियाहरुबारे सरोकारवालाहरुको धारणा के कस्तो छ?

यी प्रश्नहरुको जवाफ खोज्नको लागि यो अध्ययनको शीर्षक “संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु राखिएको थियो ।

**१.३ अनुसन्धान प्रश्नहरु**

यस अध्ययनको लागि अनुसन्धान प्रश्नावली निम्नानुसार राखिएका थियो ।

(क) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनको योजना, प्रक्रिया र प्रयोगको अवस्था के कस्तो छ ?

(ख) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन बीचमा समानता र भिन्नता के कस्ता छन् ?

(ग) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनका योजना, प्रक्रिया र प्रयोग सम्बन्धी समस्याहरु के के छन ?

(घ) विद्यार्थी मूल्याङ्कनका योजनाहरु, प्रक्रियाहरु र प्रयोगहरुका कारणहरु बारे सरोकारवालाहरुको धारणा के कस्तो छ ?

**१.४ अध्ययनको उद्देश्य**

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार राखिएको थियो ।

(क) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबीचको भिन्नता पत्ता लगाउनु ।

(ख) संस्थागत र सामुदायिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे सरोकारवालाको धारणा पहिल्याउनु ।

**१.५ अध्ययनको औचित्य**

यस अध्ययनले संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्याथी मूल्याङ्कन प्रक्रियाहरुबारे के कस्तो समानता र भिन्नता रहेको छ ? भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउँनेछ । वर्तमान समयमा नेपालका प्राथमिक तहका विद्याथीहरुमा गरिने मूल्याङ्कन प्रणाली वार्षिक परीक्षा प्रणालीमा मात्र आधारित छ । प्राथमिक तहका बालबालिकाको शारीरिक मानसिक र संवेगात्मक क्षमताको विकास परीक्षाबाट हुन सक्दैन तसर्थ परीक्षा बाहेकका अन्य मूल्याङ्कनका साधनहरु पनि उपयोग गर्नुपर्ने देखिन्छ । वार्षिक परीक्षा प्रणालीले विद्यार्थी परीक्षामुखी हुन्छ भने परीक्षाप्रति विस्तृष्णाको भावना उत्पन्न हुन्छ । परीक्षाको माध्यमबाट बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक पक्षको जाँच गर्न सकिदैन फलस्वरुप विद्यार्थीहरु परीक्षामा असफल भए प्राथमिक शिक्षाको जग धर्मरिन सक्छ । हरेक प्राथमिक उमेरका बालबालिका असफलताका कारणले पढाइ छाड्न सक्छन् र देशको सबैलाई साक्षर बनाउने राष्ट्रिय उद्देश्य प्रभावित हुन पुग्नेछ । प्राथमिक शिक्षा नै भविष्यको शिक्षाको आधार हो र अन्य शिक्षाको जग पनि हो । तसर्थ प्राथमिक शिक्षामा देखापरेका मूल्याङ्कन प्रणालीसँग सम्बन्धित समस्याबारे सम्बन्धित निकायले र सरोकारवालाहरु, अभिभावक, शिक्षक, समाजका अगुवाहरुले भविष्यको आधारशीला मानिएको प्राथमिक शिक्षाप्रति उचित ध्यान पुऱ्याउनु पर्दछ अन्यथा यसले मुलुकको विकासमा राष्ट्रिय हित र कल्याणको पक्षमा समेत गम्भीर असर पार्न सक्छ ।

यस अध्ययनबाट प्राप्त सूचनाले सम्बन्धित अभिभावक, विद्यार्थी, शिक्षक, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग , शिक्षा मन्त्रालय , प्याब्सन, एन्प्याब्सन र भविष्यमा यस सम्बन्धी खोज अनुसन्धान गर्न चाहने वर्गहरुलाई आवश्यक सहयोग पुग्ने आशा लिएको छु ।

### १.६ अध्ययनको सीमा

यस अध्ययलाई समय, स्रोत, साधन, जनशक्ति र आर्थिक स्थितिलाई मध्यनजर गर्दै निम्न क्षेत्रमा सीमित गरिएको थियो ।

(क) यस अध्ययनलाई मोरङ जिल्ला सिजुवा गा.वि.स. मा पर्ने विद्यालयहरुमध्ये संस्थागत तर्फका १ वटा र सामुदायिक तर्फका १ वटा प्राथमिक विद्यालयमा सीमित गरिएको थियो ।

(ख) यो अध्ययन उक्त विद्यालयको प्राथमिक तहमा मात्र सीमित गरिएको थियो ।

(ग) यस अध्ययनमा विद्यार्थी, शिक्षक र प्र.अ. लाई मात्र छनोट गरिएको थियो ।

(घ) संस्थागत र सामुदायिक विद्यालयले अपनाएका मूल्याङ्कन प्रणाली अन्तर्गत वार्षिक परीक्षा प्रणाली, मासिक, त्रैमासिक परीक्षा र परीक्षाबाहेकका अन्य निरन्तर मूल्याङ्कन पद्धतिमा सिमित गरिएको थियो ।

### १.७ शब्दावलीको परिभाषा

यस अध्ययनमा प्रयोग गरिएका शब्दावलीलाई निम्नानुसार परिभाषित गरिएको छ ।

**सामुदायिक विद्यालय** : भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय हो (शिक्षा ऐन, २०२८) ।

**संस्थागत विद्यालय** : भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय हो (शिक्षा ऐन, २०२८) ।

**निरन्तर मूल्याङ्कनः** कुनै पनि औपचारिक साधन र स्रोतको प्रयोग नगरीकन र समयावधि किटान नगरीकन निरन्तर रुपमा गरिने मूल्याङ्कन हो ।

**बीच बीचको मूल्याङ्कनः** विद्यालयले निरन्तर मूल्याङ्कन प्रक्रियाको सट्टामा र वार्षिक परीक्षा भन्दा अगाडि सञ्चालन गर्ने गृहकार्य, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षालाई बुझिने छ ।

**अन्तिम परीक्षा/वार्षिक परीक्षा** : वार्षिक परीक्षा भन्नाले कुनै पनि कक्षाको अन्तमा लिइने परीक्षा हो । जुन पूर्वनिर्धारित र योजनाबद्ध हुन्छ ।

# परिच्छेद दुई

## पूर्वसाहित्यको समीक्षा

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन र अनुसन्धानलाई पूरा गर्न सम्बन्धित अनुसन्धान, पाठ्यपुस्तक, अनुसन्धानात्मक प्रतिवेदनहरुको अध्ययनको मार्गदर्शन एवम सान्दर्भिक स्रोतको रुपमा रहेको छ । यस संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुको अवस्था सम्बन्धित अध्ययन हालसम्म कहि कतैबाट भएको छैन । यससँग सम्बन्धित र यो अध्ययनका लागि केही सहायक अध्ययन भने गरिएको पाइन्छ ।

यहाँ सैद्धान्तिक र व्यवहारिक केही सम्बन्धित साहित्यको समीक्षा निम्नानुसार गर्न सकिन्छ । सिकाइ जीवनपर्यन्त प्रक्रिया हो साथै सिकाइ वातावरण र परिपक्वता बीचको अन्तर्क्रियाको प्रतिफल हो । तसर्थ सिकाइमा व्यक्तिगत विभिन्नताको प्रभाव पर्दछ । त्यसैले सिकाइमा व्यक्तिगत विभिन्नताको प्रभाव पर्दछ । त्यसैले विद्यार्थीको सिकाइ र उपलब्धिमा पनि विभिन्नता हुन्छ । एउटै उमेर, तह, कक्षा र विद्यार्थीका बीचमा पनि सिकाइ वा उपलब्धि स्तर फरक फरक हुन्छ ।

सिकाइ कार्यमा विभिन्न तत्वहरुले प्रभाव पारिरहेको हुन्छ । Rudolf and Others (1973) का अनुसार सिकाइमा शारीरिक एवम् मनोवैज्ञानिक दुवै तत्वहरुले प्रभाव पार्दछन् । उनीहरुले शारीरिक तत्व अन्तर्गत शारीरिक त्रुटिहरु (दृष्टिविहिनता, कमजोर श्रवण शक्ति आदि), थकावट (मांसपेशीय, मानसिक, ज्ञानेन्द्रीय), सिकाइ समयावधि, वातावरणीय अवस्था, लागूपदार्थ, परिपक्वता (मानसिक परिपक्वता) आदि तत्वहरुले सिकाइलाई प्रत्यक्ष रुपमा असर पार्ने कुरालाई उल्लेख गरको छन् । सिकाइलाई प्रभाव पार्ने तत्वको रुपमा मनोवैज्ञानिक तत्वको रुपमा उत्प्रेरणालाई लिएका छन् । उत्प्रेरणालाई सिकाइ प्रक्रियाको मुटुको रुपमा उल्लेख गरेका छन् ।

विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठ्यक्रम, शिक्षा नीति, अन्य शैक्षिक निकायहरुको काम कारवाहीले गर्दा पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछ भन्ने कुरा Pfau (1983) ले उल्लेख गरेका छन् ।

संस्थागत र सामुदायिक विद्यालयसँग सम्बन्धित सेरिडले सन १९९७ मा काठमाडौं उपत्यकामा प्रारम्भ गरेको त्यस्तो एक अध्ययन ( Teacher Training and it's Implication in Class Room Practices, 1998) ले कक्षा शिक्षणका विभिन्न प्रतिक्रियासँग सम्बन्धित समस्याहरुलाई पहिचान गरी प्रभावकारी शिक्षण सिकाइ र मूल्याङ्कनको सम्बन्धमा महत्वपूर्ण सुझावहरु सुझाएको छ : सो अध्ययनको मुख्य उद्देश्य संस्थागत र सामुदायिक विद्यालयमा पाठ्यक्रम कार्यान्वयनका क्रममा शिक्षक तालिम, शैक्षणिक सामग्री र पाठ्यपुस्तकहरुको प्रयोग कसरी भइरहेको छ भन्ने विषयमा तुलनात्मक अध्ययन गर्नु रहेको थियो । यस अध्ययनको क्रममा विद्यालयको शिक्षण सिकाइ कार्यक्रममा रहेका विभिन्न पक्षबाट जसरी मूल्याङ्कन प्रभावित भएको देखिएको छ । त्यस अध्ययनका प्राप्तिहरु यस अध्ययनका लागि सहयोगी छन् ।

रानामगर (२०६०) अनुसार संस्थागत र सार्वजनिक विद्यालयको उपलब्धिस्तरमा बढी हुनका कारणहरुको खोजी गर्नका लागि विभिन्न साधनहरु (अभिलेख, विद्यार्थी, शिक्षक, अभिभावक, प्र.अ. अन्तर्वार्ता) को सहयोगबाट प्राप्त सूचनाहरुको विश्लेषण गर्दा

संस्थागत विद्यालयको उपलब्धिस्तर बढी हुनाको कारणहरुमा उमेर, पूर्वबाल्यावस्था शिक्षा, पूर्व कक्षाको उपलब्धि, घरमा अध्ययन गर्ने बानी, समय, लक्ष्य, विद्यालयमा नियमित उपस्थिति र गृहकार्य गर्ने बानी, अभिभावकको पेसा र शिक्षा, आर्थिक स्थिति र विद्यालयसँगको सम्बन्ध पर्दछन् । तर लिङ्ग पाठयपुस्तक, परिवारको आकार, शैक्षिक योग्यता, तालिम, शिक्षण अनुभव , पुस्तकालयको प्रयोग, ट्युसन, कोचिङ्गको व्यवस्था आदि कारणबाट भने उपलब्धिस्तरमा खासै भूमिका खेलेको पाइएन ।

Chaudhary (1983) का अनुसार शैक्षिक उपलब्धि मा प्रभाव पार्ने तत्वहरु अन्तर्गत विद्यार्थीको विद्यालयमा उपस्थिति, नियमित उत्तीर्णता, अन्य पाठ्यसामग्रीको व्यवस्था, छुट्टै पढ्ने कोठाको व्यवस्था, लक्ष, घरमा अध्ययन गर्ने बानी र समय, गृहकार्य गर्ने बानी पुस्तकालयको प्रयोग गर्ने बानी, कक्षा कार्यमा सहभागिता, ट्युसन कोचिङको व्यवस्था जस्ता तत्वहरुले पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछन् ।

Pfau (1983) ले यिनै कुराहरु उल्लेख गरेका छन् । घरमा अध्ययन गर्ने बानीले पनि विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्दछ भन्ने कुरालाई Chaudhary (1983) ले इङ्गित गरेको छ । EDSL (1991) र के.सी. (२०६०) को अध्ययनले पनि यिनै कुराले विद्यार्थीको उपलब्धिमा प्रभाव पारेको कुरा देखाइएको छ।

जोशी (२०६०) भन्दछन्-“ सार्वजनिक विद्यालयहरुमा राजनीतिक हस्तक्षेप र स्थानीय समाजसेवीको सहभागिताको अभावले शिक्षाको गुणस्तरमा वा शैक्षिक उपलब्धिमा ह्रास आइरहेको छ ।

वर्तमान समयसम्म आइपुग्दा संस्थागत र सामुदायिक विद्यालयबीचको मूल्याङ्कन प्रणालीहरुलाई हेर्ने हो भने संस्थागत विद्यालयको मूल्याङ्कन सामुदायिकको भन्दा धेरै राम्रो देखिएको छ । आफ्नै लगानीमा सञ्चालित संस्थागत विद्यालयहरुले सरकारी नियन्त्रणबाट स्वाधीनता पाउँदै गएपछि विद्यालयको उपलब्धि स्तरमा अभिवृद्धि गर्दै आएको पाइन्छ भने सामुदायिक विद्यालयहरुको उपलब्धिस्तर त्यति राम्रो देखिदैन अर्थात त्यस्ता विद्यालयहरुले संस्थागत विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकेका छैनन् ।

निष्कर्षमा भन्नुपर्दा यस नयाँ शीर्षकको आधारमा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको मूल्याङ्कन प्रक्रिया बीच के कस्तो समानता र भिन्नता छ त्यसलाई पहिचान गरी त्यसबीच भिन्नता आउनका कारणहरु पहिचान गरी सोही आधारमा निष्कर्ष निकाली केही नयाँ कुराहरु ल्याउन प्रेरणा मिलेको छ ।

## २.२ अवधारणात्मक ढाँचा

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु

ाथि

| संस्थागत | | सामुदायिक | | भिन्नताहरु |
|---|---|---|---|---|
| (क) मूल्याङ्कनको नीति, योजना र प्रावधानहरु<br>(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रिया र अभ्यासहरु<br>- निरन्तर विद्यार्थी मूल्याङ्कन<br>- बीच बीचको विद्यार्थी मूल्याङकन | — | (क) मूल्याङ्कनको नीति, योजना र प्रावधानहरु<br>(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रिया र अभ्यासहरु<br>- निरन्तर विद्यार्थी मूल्याङ्कन<br>- बीच बीचको विद्यार्थी मूल्याङकन | = | - योजनामा भिन्नता<br>- प्रक्रियामा भिन्नता<br>- प्रयोगमा भिन्नता |

माथि उल्लेखित अवधारणात्मक ढाँचालाई हेर्दाखेरि संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनका नीति, योजना र प्रावधानहरु, विद्यार्थी मूल्याङ्कन प्रक्रिया र अभ्यासहरु र मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धमा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्न प्रक्रियाबीचमा के कस्तो खालको भिन्नताहरु रहेका छन् हेर्न सकिन्छ । जस्तो तिनीहरुको योजनामा के कस्तो भिन्नता रहेको छ? प्रक्रियामा के कस्तो भिन्नता रहेको छ? प्रयोगमा के कस्तो भिन्नता रहेको छ? उल्लिखित कुराहरुको बारेमा सरोकारवालाहरुका धारणा बुझ्न त्यसका समस्याहरु पहिचान गर्न, कारणहरु पहिचान गर्न र समस्याहरु समाधानका उपायहरु पहिल्याउन यस अवधारणात्मक ढाँचाले सहयोग पुऱ्याएको थियो ।

# परिच्छेद तीन

## अध्ययन विधि

अध्ययन अनुसन्धानलाई सहज तरिकाले सम्पन्न गर्नका लागि निश्चित तरिका एवम् विधिको प्रयोग गर्ने गरिन्छ । अध्ययन गर्ने विधि एवम् तौर तरिकाहरु अध्ययनको उद्देश्य, अनुसन्धानको प्रकृति र अनुसन्धानकर्ताको रुचि एवम आवश्यकतामा निर्भर रहेको र अध्ययन विधिले अध्ययन अनुसन्धानको प्रकृति र अनुसन्धानहरु सहज एवम् सरल तरिकाले सञ्चालन गर्न महत्वपूर्ण भूमिका हुन्छ ।

### ३.१ अनुसन्धान ढाँचा

प्रत्येक अध्ययन अनुसन्धानमा फरक फरक अनुसन्धान ढाँचाको प्रयोग गर्ने गरिन्छ । अनुसन्धान ढाँचा अध्ययनको उद्देश्य अनुसार फरक फरक रहेको पाइन्छ । यस अनुसन्धानमा मुख्यतः गुणात्मक ढाँचामा आधारित भई सङ्कलित सूचना तथा तथ्याङ्कलाई मिश्रित रुपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

यस अध्ययन कार्यलाई पूरा गर्न निम्नलिखित अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।

| क्र.सं | उद्देश्यहरु | प्रतिक्रियाहरु | साधनहरु |
|---|---|---|---|
| १ | संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबीचको भिन्नता पत्ता लगाउनु । | शिक्षक प्र.अ. विद्यार्थी, | अवलोकन, अन्तर्वार्ता अनुसूची, प्रश्नावली, विद्यालय अभिलेख |
| २ | संस्थागत र सामुदायिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे सरोकारवालाको धारणा पहिल्याउनु । | शिक्षक, प्र.अ. | अवलोकन, अन्तर्वार्ता अनुसूची, |

### ३.२ जनसंख्या र नमुना छनोट

यस अध्ययनको जनसंख्याको रुपमा मोरङ जिल्ला सिजुवा गा.वि.स.मा रहेका १ वटा संस्थागत विद्यालय र १ वटा सामुदायिक प्राथमिक विद्यालयका शिक्षक, प्र. अ. र विद्यार्थीलाई लिइएको थियो ।

### ३.२.१ क्षेत्र छनोट

यस अध्ययनको क्षेत्रको रुपमा मोरङ जिल्ला सिजुवा गा.वि.स.मा रहेका विद्यालयहरुमध्ये १ वटा संस्थागत विद्यालय र १ वटा सामुदायिक प्राथमिक विद्यालय गरी जम्मा २ वटा विद्यालयलाई छनोट गरिएको थियो । छनोटमा परेका विद्यालयको नाम अनुसूची १ मा राखिएको छ ।

### ३.२.२ विद्यालय छनोट

यस अध्ययनको लागि मोरङ जिल्ला सिजुवा गा.वि.स. अन्तर्गतका सामुदायिक विद्यालयहरु मध्येबाट १ वटा संस्थागत विद्यालयहरु मध्येबाट १ वटा गरी जम्मा २ वटा विद्यालयलाई छनोट गरिएको थियो । यी विद्यालयहरु छनोट गर्दा सुविधाजनक नमुना छनोट विधिको आधारमा छनोट गरिएको थियो । प्रस्तुत विद्यालय अध्ययनकर्ताको घरपायक पर्ने र समय, स्रोत, साधन र आर्थिक दृष्टिकोणले सरल भएकोले छनोट गरिएको थियो । छनोटमा परेका विद्यालयको नाम अनुसूची १ मा राखिएको छ ।

### ३.२.३ शिक्षक छनोट

यस अध्ययनका लागि विद्यालयमा गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रियाको जानकारी लिन छनोटमा परेका विद्यालयका प्राथमिक तहका सबै शिक्षकहरु र प्र.अ. लाई स्वतः नमुनाको रुपमा गरिएको थियो । छनोटमा परेका प्र.अ. र शिक्षकहरुको नाम अनुसूची २ मा राखिएको छ ।

### ३.२.४ विद्यार्थी छनोट

यस अध्ययनका लागि विद्यालयमा गरिने मूल्याङ्कन प्रक्रियाबारे यथार्थ जानकारी प्राप्त गर्न त्यसबाट विद्यार्थी के कति सन्तुष्ट छन्? जानकारी हासिल गर्नका लागि प्रत्येक विद्यालयका कक्षा ३, ४ र ५ का विद्यार्थीहरुमध्येबाट प्रत्येक कक्षाका सर्वोत्कृष्ट छात्र १ जना र छात्रा एक जना गरी २ जनाका दरले एउटा विद्यालयबाट ६ जना गरी जम्मा १२ जना विद्यार्थीलाई सुविधाजनक नमुना छनोट विधिबाट नमुनाको रुपमा छनोट गरिएको थियो । छनोटमा परेका विद्यार्थीको नाम अनुसूची ३ मा राखिएको छ ।

### ३.३ अध्ययनका साधनहरु

अनुसन्धान समस्यालाई समाधान गर्नका लागि सर्वसुलभ र अर्थपूर्ण सूचना सङ्कलन गर्ने उद्देश्यले नै साधनको प्रयोग गर्नु हो । सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि विभिन्न किसिमका उपयोगी साधनहरुको विकास गरिनेछ । यस अध्ययनको लागि निम्न साधनहरुको प्रयोग गरिएको थियो ।

### ३.३.१ विद्यालय अभिलेख

नमुना छनोटमा परेका विद्यालयहरुमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु के कस्तो सञ्चालन गरेका छन् ? त्यसलाई हेर्नको लागि विद्यालयले विद्यार्थी मूल्याङ्कन सम्बन्धी राखेको अभिलेख हेरिएको थियो ।

### ३.३.२ अन्तर्वार्ता निर्देशिका

नमुना छनोटमा परेका विद्यालयहरुका प्रधानाध्यापक र शिक्षकहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु सङ्कलन गर्नका लागि अन्तर्वार्ता निर्देशिकाको उपयोग गरिएको थियो । छनोटमा परेका प्र.अ. र शिक्षकसँग गरिएको अन्तर्वार्ता  निर्देशिका अनुसूची ४ र ५ मा  राखिएको छ ।

### ३.३.३ प्रश्नावली

छनोटमा परेका विद्यालयका विद्यार्थीहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु सङ्कलन गर्नका लागि असंरचित प्रश्नावलीको उपयोग गरिएको थियो । छनोटमा परेका विद्यार्थीसँग गरिएको प्रश्नावली अनुसूची ६ मा राखिएको छ ।

### ३.३.४ अवलोकन

छनोटमा परेका विद्यालयमा वास्तविक रुपमा त्यहाँको मूल्याङ्कन प्रक्रियाको बारेमा जानकारी हासिल गर्न र त्यसमा देखिएका समानता, असमानता र कमजोरीहरु पत्ता लगाउन तथा शैक्षिक उपलब्धिको वास्तविक अवस्थाको पहिचान गर्न मिश्रित अवलोकन विधिको उपयोग गरिएको थियो । अवलोकन फारमको नमुना अनुसूची ७ मा राखिएको छ ।

## ३.४ सूचना सङ्कलन प्रक्रिया

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि सूचनाहरु सङ्कलन गर्न नमुना छनोटमा परेका विद्यालयका प्र.अ.,शिक्षक र विद्यार्थीहरुसंग प्रत्यक्षरुपमा अन्तर्वार्ता अनुसुचिका माध्यमबाट सूचना सङ्कलन गरिएको थियो । नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरुलाई असंरचित प्रश्नावलीको माध्यमबाट सूचना सङ्कलन गरिएको थियो । विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रकियालाई हेर्न कक्षा अवलोकन फारमको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो । त्यसैगरी अध्ययनका लागि आवश्यक सूचनाहरु सङ्कलन गर्न प्राथमिक र द्वितीय तथ्याङ्कको प्रयोग गरिएको थियो ।

### ३.५ साधनको वैधता निर्माण

अनुसन्धानकर्ताले सूचना सङ्कलनको लागि साधनहरुको निर्माण गर्न र प्रयोगमा ल्याउनु अघि सहपाठी साथीहरुसँग छलफल गरी आवश्यक सुधार गरिएको थियो र तयार गरिएको साधन शोध निर्देशकज्यूबाट आवश्यक सुधार र परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

### ३.६ सूचनाको विश्लेषण तथा व्याख्या

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण सूचनाहरु सङ्कलन गरी सङ्कलित सूचनालाई विभिन्न समूहमा अलग अलग तालिकीकरण गरी प्रतिशतको आधारमा रुपान्तरित गरी वर्णनात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको थियो । अन्तमा विभिन्न समूहबाट आएको परिणामको आधारमा सांराश निष्कर्ष तथा सुझावहरु दिइएको थियो ।

# परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयको अभिलेख, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीबाट प्राप्त प्रतिक्रियाहरु र अवलोकन फारामको प्रयोगबाट प्राप्त गरिएका सूचनाहरुलाई गुणात्मक रुपमा विश्लेषण गरिएको थियो ।

### ४.१ सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबीचको समानता र भिन्नता

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे नमुना छनोटमा परेका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसँग अन्तर्वाता निर्देशिका र प्रश्नावलीको माध्यमबाट मूल्याङ्कन प्रणालीबारे सूचना सङ्कलन गरिएको थियो । यसरी प्राप्त भएको सूचनालाई विश्लेषण गर्दा संस्थागत र सामुदायिक विद्यालयमा मूल्याङ्कन प्रक्रिया निम्नानुसार पाइयो ।

**तालिका नं १**

**संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु**

| संस्थागत विद्यालय | | | | सामुदायिक विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|
| नियमित | साप्ताहिक | मासिक | वार्षिक | नियमित | सप्ताहिक | मासिक | वार्षिक |
| सरसफाइ, ड्रेस, झोला, जुत्ता , नङ काटे नकाटेको, हाजिरी, गृहकार्य | कक्षा परीक्षा , प्रश्नउत्तर छलफल अतिरिक्त क्रियाकलाप | प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक वा अर्धवार्षिक | वार्षिक परीक्षा | हाजिरी | अतिरिक्त क्रियाकलाप | प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक वा अर्धवार्षिक | वार्षिक परीक्षा |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकाबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गर्दा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयले सञ्चालन गरेका विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुमा केही समानता र केही भिन्नताहरु पाइयो । यी मध्ये संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थीलाई कक्षा उन्नति गर्ने मूल्याङ्कन प्रक्रियाहरुमा प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक रहेका छन् । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी कक्षा उन्नति नगर्ने मूल्याङ्कन प्रक्रियाहरुमा हाजिरी , सरसफाइ, (ड्रेस, झोला, जुत्ता ), नङ्ग काटे नकाटेको हेर्ने अतिरिक्त क्रियालाप, कक्षा परीक्षा, साप्ताहिक परीक्षा, गृहकार्य, प्रश्न उत्तर, छलफल रहेका छन् ।

संस्थागत विद्यालयले विद्यार्थीको नियमित मूल्याङ्कन अन्तर्गत हरेक दिन विद्यालयको प्रार्थना सभामा विद्यार्थीको सरसफाइ, पोसाक, झोला, जुत्ता, नङ्ग काटेको, नकाटेको हेर्ने गरेको देखियो भने सामुदायिक विद्यालयमा त्यस्ता कार्यहरु नियमित गर्ने गरेको देखिएन । संस्थागत र सामुदायिक दुवै विद्यालयले विद्यार्थीको नियमित रुपमा हाजिरी गर्ने गरको पाइयो । संस्थागत विद्यालयले विद्यार्थीको गृहकार्य नियमित दिने गरेको र जाँच्ने गरेको र नियमित रुपमा साप्ताहिक परीक्षा समेत गर्ने गरेको पाइयो तर सामुदायिक विद्यालयमा नियमित गृहकार्य दिने र जाँच्ने गरेको पाइएन कहिलेकाही मात्र दिने गरेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयले हरेक महिनाको अन्तिम शुक्रबार नियमित रुपमा अतिरिक्त क्रियाकलापको आयोजना गर्ने गरेको पाइयो । जसमा खेलकुद, हाजिरी जवाफ, हिज्जे, नृत्य लगायतका कार्यक्रमहरु रहेका छन् । यसै गरी संस्थागत विद्यालयले ४ पटक प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा गर्ने गरेको र सामुदायिक विद्यालयले ३ पटक प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक (अर्धवार्षिक) र वार्षिक परीक्षा सञ्चालन गर्ने गरेको पाइयो ।

### ४.१.१ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु

औपचारिक मूल्याङ्कन प्रक्रिया भन्नाले पूर्वनिर्धारित उद्देश्य र साधनहरुको निर्माण गरी निश्चित प्रक्रियाबाट मूल्याङ्कन गर्नुलाई लिइन्छ । प्राथमिक तहको पाठ्यक्रममा औपचारिक मूल्याङ्कनमा प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रैमासिक परीक्षा र वार्षिक परीक्षा गरी ३ वटा परीक्षा हुने व्यवस्था छ । यसको लागि प्रथम त्रैमासिकको १० अङ्क दोस्रो त्रैमासिकको ३० अङ्क र वार्षिक परीक्षाको ६० अङ्क छुट्याइएको पाइन्छ । छनोटमा परेका विद्यालयको वार्षिक परीक्षा प्रणाली बारे अध्ययन गर्दा निम्नानुसार पाइएको थियो ।

**तालिका नं २**

**संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु**

| संस्थागत विद्यालय | | सामुदायिक विद्यालय | |
|---|---|---|---|
| **परीक्षा** | **पूर्णाङ्क** | **परीक्षा** | **पूर्णाङ्क** |
| प्रथम त्रैमासिक | १० | प्रथम त्रैमासिक | १० |
| दोस्रो त्रैमासिक | १५ | - | |
| अर्धवार्षिक | १५ | अर्धवार्षिक | ३० |
| वार्षिक | ६० | वार्षिक | ६० |

स्रोतः सथलगत अध्ययन, २०६७।

माथिको तालिका बाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा औपचारिक मूल्याङ्कन अन्तर्गत विद्यालय आफैले ४ पटक प्रथम त्रैमासिक १० पूर्णाङ्क, दोस्रो त्रैमासिक १५ पूर्णाङ्क, अर्धवार्षिक १५ पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको सञ्चालन गरेको पाइयो । यसैगरी सामुदायिक विद्यालयले विद्यार्थीको औपचारिक मूल्याङ्कन अन्तर्गत ३ पटक प्रथम त्रैमासिक परीक्षा १० पूर्णाङ्क, दोस्रो त्रैमासिक वा अर्धवार्षिक परीक्षा ३० पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको सञ्चालन गरेको पाइयो । संस्थागत र सामदायिक विद्यालयले प्रथम त्रैमासिक परीक्षा १० पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको समान रुपमा लागु गरेका छन् । भने संस्थागतले दोस्रो त्रैमासिक १५ पूर्णाङ्क र अर्धवार्षिक १५ पूर्णाङ्क कायम गरेको छ भने सामुदायिक विद्यालयले अर्धवार्षिक परीक्षामात्र ३० पूर्णाङ्कको कायम गरिएको पाइयो । सामुदायिक विद्यालयले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार विद्यार्थीको औपचारिक मूल्याङ्कन गर्ने गरेको पाइयो ।

### ४.१.२ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित अनौपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु

विद्यार्थीले गरेका सुधारहरुलाई पूर्वनियोजित नभई कुनै पनि औपचारिक साधन र स्रोतको प्रयोग नगरी जुनसुकै समयमा विद्यार्थीका विभिन्न व्यवहारको अवलोकन गर्नुलाई अनौपचारिक मूल्याङ्कन भनिन्छ । यसको प्रयोग अध्ययन क्षेत्रमा परेका संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा निम्नानुसार पाइयो ।

**तालिका नं ३**

**संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित अनौपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

| संस्थागत विद्यालयमा अनौपचारिक विद्यार्थी मूल्याङ्कन | सामुदायिक विद्यालयमा अनौपचारिक विद्यार्थी मूल्याङ्कन |
|---|---|
| दैनिक हाजिरी, अनुशासन, स्वास्थ्य र सरसफाइ ,खेलकुद, दौड, हिज्जे, कविता, अवलोकन, हाजिरी जवाफ | दैनिक हाजिरी, अनुशासन, स्वास्थ्य र सरसफाइ, खेलकुद, दौड, हिज्जे, कविता ,अवलोकन, हाजिरी जवाफ |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा गर्ने अनौपचारिक विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीको हाजिरी नियमित रुपमा गर्ने गरेको अनुशासन नियमित हेर्ने गरेको, स्वास्थ्य र सरसफाइमा नियमित रुपमा पोशाक, झोला, जुत्ता, नङ्ग काटेको नकाटेको, मासिक रुपमा खेलकुद प्रतियोगिता आयोजना गरी त्यसको अभिलेख राख्ने गरेको पाइयो । संस्थागत विद्यालयमा विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा कुनै अङ्क नछुट्याएको तर वार्षिक रुपमा विद्यालयले आयोजना गर्ने कार्यक्रममा हाजिरी , अनुशासन, स्वास्थ्य र सरसफाइ, खेलकुद , दौड, हिज्जे , कविता, हाजिरी जवाफ जस्ता प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुनेलाई पुरस्कार वितरण गरिदो रहेछ ।

यसैगरी सामुदायिक विद्यालयले गर्ने अनौपचारिक मूल्याङ्कन प्रक्रियामा विद्यार्थीको हाजिरी नियमित गर्ने गरेको स्वास्थ्य र सरसफाइ , अनुशासनको अवलोकन कहिलेकाहीँ गर्ने गरेको मासिक रुपमा अतिरिक्त क्रियाकलापको आयोजना गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा पनि अनौपचारिक विद्यार्थी मूल्याङ्कनका लागि कुनै अङ्क नछुट्याइएको रहेछ तर वार्षिक रुपमा विद्यार्थीका अतिरिक्त क्रियाकलापमा सहभागिता जनाए अनुसार

विद्यालयको वार्षिक उत्सवका दिन हाजिरीमा प्रथम, अनुशासनमा प्रथम, दौड, हिज्जे , कविता, हाजिरी जवाफ र अन्य खेलकुद प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान ल्याउनेलाई पुरस्कार वितरण गरेको पाइयो ।

श्री सौठा उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकले अनौपचारिक मूल्याङ्कनलाई पनि निश्चित अङ्क राखेर वार्षिक परीक्षा प्रणालीमा जोड्दा राम्रो हुने धारणा व्यक्त गर्नुभयो । यसरी परीक्षा प्रणालीमा औपचारिक परीक्षा प्रणालीलाई मात्र जोड दिँदा विद्यार्थीका अन्य क्रियाकलापहरुको मापन हुन सक्दैन । विद्यार्थीहरु परीक्षामुखी मात्र भएर पढ्छन् तसर्थ विद्यार्थीका अन्य व्यवहारहरुको मापन गर्न र विद्यार्थीलाई विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी गराएर उनीहरुको शारीरिक , मानसिक, संवेगात्मक र सामाजिक व्यवहारको विकास गराउन अनौपचारिक मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

अनौपचारिक मूल्याङ्कनको एक साधन गृहकार्य पनि हो । गृहकार्य प्रयोगका सम्बन्धमा संस्थागत र सामुदायिक विद्यालयमा निम्नानुसारको व्यवस्था पाइयो ।

**तालिका न.४**

**संस्थागत र सामुदायिक विद्यालयमा गृहकार्य परीक्षण सम्बन्धी व्यवस्था**

| संस्थागत विद्यालय | सामुदायिक विद्यालय |
|---|---|
| नियमित सबै विषयको, नियमित मुख्य विषयको,साप्ताहिक, कहिलेकाहिँ साथीद्वारा परीक्षण गराउने ,शिक्षक आफैले परीक्षण गर्ने | कहिलेकाहिँ, साथीद्वारा परीक्षण गराउने ,शिक्षक आफैले परीक्षण गर्ने |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा नियमित रुपमा सबै विषयमा गृहकार्य दिने गरेको र नियमित रुपमा शिक्षक आफैले गृहकार्य जाँच गर्ने गरेको पाइयो । यसै गरी सामुदायिक विद्यालयमा शिक्षकले नियमित रुपमा सबै विषयमा गृहकार्य नदिने गरेको, कहिलेकाहीँ दिने गरेको गणित , अङ्ग्रेजी विषयमा अलि बढी दिने गरेको तर कहिलेकाहिँ मात्र जाँच गर्ने गरेको पाइएको थियो ।

यसरी संस्थागत र सामुदायिक विद्यालयमा गृहकार्य प्रयोगको अवस्था सम्बन्धमा संस्थागत विद्यालयका शिक्षकले नियमित रुपमा सबै विषयमा गृहकार्य दिने गरेका र नियमित रुपमा गृहकार्य जाँच गरेको पाइयो । यसो हुनाको कारणमा संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या कम भएकोले सबैको गृहकार्य जाँच गर्न समय पुगेको देखिन्छ ।

यसैगरी सामुदायिक विद्यालयमा शिक्षकले नियमित रुपमा गृहकार्य नदिने कहिलेकाहीँ दिने र जाँच गर्न कहिले शिक्षक आफैले गर्ने र कहिले कक्षाको प्रथम विद्यार्थीलाई अरु साथीको गृहकार्य जाँच गर्न लगाउने गरेको पाइयो । यसो हुनाको कारणमा विद्यार्थी संख्या बढी रहेकाले सबै विद्यार्थीलाई गृहकार्य दिएर जाँच गर्न नसकिने समय नहुने धारणा विषय शिक्षकहरुको थियो ।

**४.१.३. संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा प्रश्नपत्रको निर्माण प्रक्रिया**

संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनको मुख्य साधन परीक्षा हो । त्यसकारण परीक्षा सञ्चालनका लागि पश्नपत्रको निर्माण गर्नुपर्ने हुन्छ । प्रश्नपत्र निर्माण गर्दा विषयवस्तुको उद्देश्य विशिष्टीकरण तालिका निर्माण , प्रश्नको कठिनाइ स्तर र उत्तर कुञ्जिका निर्माण गर्नुपर्दछ । जसको फलस्वरुप विषयगत वैधता प्राप्त हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम वि.स.२०४९ ले प्रश्नपत्र निर्माण गर्दा कक्षा १ र कक्षा २ का लागि छोटा उत्तर आउने, एक वाक्य वा शब्दमा उत्तर आउने खालका र कक्षा ३ कक्षा ४ र कक्षा ५ का लागि केही लामा २ वा ३ वाक्यमा उत्तर आउने खालका हुनुपर्छ भनेको छ।

सामुदायिक प्राथमिक विद्यालयमा वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण स्रोतकेन्द्रले गर्ने र त्रैमासिक परीक्षाहरु विद्यालयले गर्दोरहेछ । वार्षिक परीक्षाको प्रश्नपत्र स्रोतकन्द्रले बनाउने र त्रैमासिक परीक्षाको प्रश्नपत्र शिक्षकले बनाउने गरेको पाइयो । यसरी शिक्षकले प्रश्न बनाउँदा उद्देश्य, विशिष्टीकरण तालिका, कठिनाइ स्तर र उत्तरकुञ्जिका नबनाइ पढाइएका विषयवस्तुका आधारमा लामो उत्तर आउने, छोटो उत्तर आउने , ठीक बेठीक छट्ुयाउने, जोडा मिलाउने, खाली ठाउँ भर्ने प्रश्न बनाउने गरेको पाइयो । उत्तरपुस्तिका परीक्षण शिक्षक आफैले गर्ने गरेको पाइयो ।

संस्थागत प्राथमिक विद्यालयमा प्रश्नपत्रको निर्माण वार्षिक परीक्षाको प्याब्सनले र त्रैमासिक परीक्षााको शिक्षक आफूले प्रश्न बनाउने गरेको पाइयो । यसरी प्रश्न निर्माण गर्दा शिक्षकले उद्देश्य, विशिष्टीकरण तालिका, प्रश्नको कठिनाइ स्तर र उत्तरकुञ्जिका नबनाई प्रश्न निर्माण गरेको पाइयो । प्रश्नहरु बनाउँदा लामो उत्तर आउने, छोटा उत्तर आउने, ठीक बेठीक छुट्याउने प्रश्न, जोडा मिलाउने प्रश्न, खाली ठाउँ भर्ने प्रश्न र बहुवैकल्पिक प्रश्न बनाउने गरेको पाइयो ।

यहाँ प्रश्नपत्र निर्माण प्रक्रियालाई तुलनात्मक रुपमा हेर्दा खेरि बहुवैकल्पिक प्रश्न सामुदायिक विद्यालयमा प्रचलनमा नआएको तर संस्थागतले एउटा विषय सामन्य ज्ञान ( General Knowledge) मा बहुवैकल्पिक प्रश्न निर्माण गरेको र उत्तरकुञ्जिका समेत बनाउने गरेको पाइयो । अन्य प्रश्नपत्र निर्माण प्रक्रिया संस्थागत र सामुदायिक विद्यालयमा समान किसिमको छ। वार्षिक परीक्षाको हकमा संस्थागत प्याब्सनले प्रश्न बनाउने र सामुदायिक स्रोतकेन्द्रले प्रश्नपत्र बनाउने गरेको पाइयो ।

**४.१.४ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा मौका परीक्षाको व्यवस्था सम्बन्धी समानता र भिन्नता**

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार विद्यार्थीलाई कक्षा उत्तीर्ण हुनका लागि सम्पूर्ण विषयमा प्रत्येक औचापरिक परीक्षाको समाप्तिपछि न्यूनतम ३२ अङ्क ल्याउनुपर्ने प्रावधान छ र कुनै दुई विषयमा अनुत्तीर्ण हुने विद्यार्थीको लागि मौका परीक्षाको व्यवस्था गरिउको छ। साथै मौका परीक्षा अर्को शैक्षिक सत्र सुरु हुनुभन्दा अगाडि नै पुनः परीक्षा लिई ३२ प्रतिशत अङ्क ल्याउन सक्नेलाई उत्तिर्ण गर्नुपर्ने प्रावधान छ ।

सामुदायिक प्राथमिक विद्यालयमा कक्षा उत्तीर्ण हुनका लागि हरेक अपैचारिक परीक्षामा प्रत्येक विषयमा न्यूनतम ३२ प्रतशित अङ्क ल्याउनुपनै तर कुनैक ारणवश परीक्षामा कुनै दुई विषयमा ३२ प्रतिशत अङ्क लइाउन नसक्ने विद्यार्थीलाई प्रधानाध्यापक र शिक्षकले मुख्य १/२ वटा विषयको पुनः परीक्षा लिएर कक्षा चढाउने गरेको पाइयो । छुट्टै मौका परीक्षाको व्यवस्था भने नगरेको पाइयो । विद्यालयका प्रधानाध्यापक अनुसार पटक पटक परीक्षा सञ्चालन गर्न समय अभाव, साधन र स्रोतको अभाव साथै नेपाल सरकारको उदार कक्षोन्नति नीतिका कारण विद्यार्थीलाई फेल गराउन नपाइने हुनाले माथिल्लो कक्षामा स्वतः चढाउने गरेको जानकारी दिनु भयो ।

यसैगरी संस्थागत विद्यालयमा पनि कक्षा उत्तिर्ण हुन विद्यार्थीले प्रत्येक औपचारिक परीक्षामा न्यूनतम ३२ प्रतशित अङ्क हासिल गनुपर्छ तर कुनै दुई विषयमा विद्यार्थीले ३२ प्रतशित अङ्क नल्याए पनि उनीहरुलाई बढुवा गरी माथिल्लो कक्षामा जान दिइन्छ । संस्थागत विद्यालयले पनि मौका परीक्षाको व्यवस्था लागू गरेको छैन ।

तुलनात्मक रुपमा संस्थागत र सामुदायिक विद्यालयमा मौका परीक्षाको व्यवस्था लागू भएको पाइँदैन । संस्थागत र सामुदायिक विद्यालयले दुई विषयमा अनुत्तीर्ण विद्यार्थीलाई अघिल्लो कक्षामा स्वतः बढुवा गर्ने गरेको पाइयो ।

### ४.१.५ संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रतिवेदन र लब्धाङ्कपत्रको प्रयोग

प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले विद्यालयमा हुने त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षाको समाप्तिपछि २ महिनाभित्र विषय शिक्षकले प्रधानाध्यापक समक्ष प्रगति प्रतिवेदन पेस गर्न भनेको छ तर संस्थागत र सामुदायिक विद्यालयमा प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था निम्नानुसार पाइयो ।

संस्थागत विद्यालयले हरेक दिनका विद्यार्थीका क्रियाकलापहरु स्वास्थ्य, सरसफाइ, अतिरिक्त क्रियाकलापमा सहभागिता जस्ता कुराहरुको अवलोकन गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा नियमित रुपमा विद्यार्थीका क्रियाकलापको अवलोकन नगरी कहिलेकाहि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थीको प्रगति प्रतिवेदन तयार गर्ने गरेको पाइएन । विद्यार्थीको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास के कसरी अगाडि बढिरहेको छ र त्यसमा के कस्तो सुधार गर्नुपर्ने हुन्छ जस्ता कमीकमजोरी केलाई त्यसलाई सुधार गर्न सहयोग गर्दछ । तसर्थ विद्यार्थीको प्रगति प्रतिवेदन बनाउनुपर्दछ । यसले शिक्षण सिकाइ क्रियाकलापमा पनि सहयोग पुऱ्याउँछ ।

संस्थागत र सामुदायिक विद्यालयमा लब्धाङ्कपत्रको प्रयोगको अवस्था निम्नानुसार पाइएको थियो । सामुदायिक विद्यालयमा परीक्षाको समाप्तिपछि लब्धाङ्कपत्र दिने गरिदोरहेनछ तर कुनै विद्यार्थीका अभिभावकले मागेमा बनाएर दिने गरेको पाइयो । परीक्षाको प्राप्ताङ्क हेरेर न्यून उपलब्धि हासिल गरेको विषयमा विद्यार्थीले के के कारणले न्यून उपलब्धि हासिल गरे त्यसका कमीकमजोरी पहिचान गरी शिक्षण सिकाइमा सुधार गर्ने गरेको पाइएन ।

संस्थागत विद्यालयले भने हरेक परीक्षाको समाप्तिपछि विद्यार्थीलाई लब्धाङ्कपत्र दिने गरेको र लब्धाङ्कपत्रमा विद्यार्थीले अभिभावकलाई सही गराएर फिर्ता ल्याउनु पर्ने प्रावधान राखेको छ। तर वार्षिक परीक्षाको लब्धााङ्कपत्र फिर्ता ल्याउन नपर्ने नियम रहेछ संस्थागत विद्यालयमा भने विद्यार्थीको लब्धाङ्कपत्रका आधारमा न्यून अङ्क प्राप्त गरेका विषयहरुका शिक्षकलाई प्रधानाध्यापकले सुधारका लागि पृष्ठपोषण दिने गरेको र शिक्षकले ती विषयहरुमा छुट्टै कोचिङ कक्षा वा ट्युसन कक्षा सञ्चालन गर्ने गरेको पाइयो ।

संस्थागत र सामुदायिक विद्यालयमा लब्धाङकपत्रको प्रयोगको अवस्थालाई तुलनात्मक रुपबाट हेर्दा संस्थागत विद्यालयले हरेक परीक्षा पछी लब्धाङ्कपत्र दिने गरेको र त्यसअनुसार कमी कमजोरी सुधार गर्न पृष्ठपोषण समेत दिने गरेको देखियो भने सामुदायिक विद्यालयमा नगरेको पाइयो ।

**४.१.६ संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनका लागि शिक्षक तालिम सम्बन्धी व्यवस्था**

विद्यार्थी मूल्याङ्कन कार्य प्रभावकारी रुपबाट सञ्चालन गर्नका लागि शिक्षकमा मूल्याङ्कन सम्बन्धी ज्ञान र सीपको जानकारी हुनुपर्दछ । नेपालमा प्राथमिक तहका शिक्षकका लागि मूल्याङ्कन सम्बन्धी व्यवस्था विभिन्न शिक्षक तालिमको पाठ्यक्रममा गरिएको छ । सेवाकालीन शिक्षक तालिममा तेस्रो चरण २.५ महिना मूल्याङ्कन प्रविधि सम्बन्धी विषय राखेको छ। त्यस्तै पूर्व सेवाकालीन शिक्षक तालिम विद्यार्थी उपलब्धि मूल्याङ्कन विषय राखी शिक्षकलाई मूल्याङ्कन सम्बन्धि ज्ञान, सीप, तालिम दिने व्यवस्था छ । अध्ययन क्षेत्रको रुपमा नमुना छनोटमा संस्थागत र सामुदायिक विद्यालयमा शिक्षक तालिम सम्बन्धी व्यवस्थाको तुलनात्मक अध्ययन गर्दा निम्नानुसार पाइएको थियो ।

सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुनै छुट्टै तालिम नलिएको तर आधारभूत तालिम, दश महिने शिक्षक तालिम, दूरशिक्षा, जिल्लाशिक्षा कार्यालय र स्रोतकेन्द्रले समय समयमा सञ्चालन गर्ने सेमिनार, गोष्ठी र प्रशिक्षणमा भाग लिँदा विद्यार्थी मूल्याङ्कन सम्बन्धी जानकारी हासिल गरेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयका शिक्षकहरुले विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुनै प्रकारको तालिम नलिएको पाइयो र केही शिक्षकहरु शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत भएकाले त्यस क्रममा जानकारी हासिल गरेको पाइयो । यसैगरी विद्यालयमा सञ्चालन हुने त्रैमासिक परीक्षा, वार्षिक परीक्षा र अन्य अनौपचारिक मूल्याङ्कन प्रणालीबाट जानकारी र अनुभव हासिल गरेको पाइयो । वर्तमान समयमा शिक्षक तालिम सम्बन्धी संस्थाहरु खुलेर पूर्व सेवाकालीन शिक्षक तालिम प्रदान गरिरहेका छन् । अनुसन्धानकर्ताले स्थलगत अध्ययन गर्दा संस्थागत विद्यालयका शिक्षकहरु सधैँ पढ्ने र पढाउने काममा व्यस्त रहने भएकाले त्यस्ता प्रकारका तालिममा सहभागी नभएको पाइयो । त्यसैले संस्थागत विद्यालयका प्रधानाध्यापक र शिक्षकका

धारणा अनुसार शैक्षिक सत्रको सुरुमा जिल्ला शिक्षा कार्यालयले विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण तालिम दिनुपर्ने धारणा व्यक्त भएको पाइयो । यसो गरेमा विद्यार्थी मूल्याङ्कनक कार्य प्रभावकारी हुने, परीक्षा विश्वसनीय हुने र परीक्षा बाहेकका मूल्याङ्कनका साधन कसरी र कुन अवस्थामा प्रयोग गर्ने र त्यसबाट विद्यार्थीको मूल्याङ्कन कति प्रभावकारी हुन्छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ भन्ने धारणा पाइयो ।

## ४.२ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु बीचमा भएका समानता र असमानताहरु

### ४.२.१ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई तुलनात्मक रुपमा अध्ययन गर्दा सामुदायिक प्राथमिक विद्यालयभन्दा संस्थागत विद्यालयले निरन्तर विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो, संस्थागत विद्यालयले हरेक दिन प्रार्थना सभामा विद्यार्थीको ड्रेस, झोला, जुत्ता, नङ्ग काटे नकाटेको, जस्ता व्यवहारहरु हेर्ने गरेको र सुझाव समते दिने गरेको पाइयो, त्यसैगरी कक्षा अवलोकन र विद्यार्थीबाट प्राप्त प्रतिक्रिया अनुसार नियमित रुपमा हाजिर हुने हरेक विषयमा नियमित रुपमा गृहकार्य दिने र परीक्षण गर्ने, पाठ पढाउँदा बीच-बीचमा प्रश्न सोध्ने छलफल गर्ने गरेको पाइयो । यसैगरी सामुदायिक विद्यालयमा भने संस्थागत विद्यालयमा जस्तो निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया पाइएन । सामुदायिक विद्यालयमा विद्यार्थीको हाजिरी नियमित रुपमा गर्ने गरेको पाइयो । विद्यार्थीको ड्रेस, झोला, नङ्ग काटे नकाटेको , जुत्ता आदिको नियमित जाँच नगरिने तर ड्रेस लगाउन चाहिँ कहिलेकाहीँ भनिदो रहेछ र ड्रेस नलगाउनेलाई कक्षामा पढ्न नदिने गरेको पाइयो । त्यसैगरी कक्षा अवलोकन र विद्यार्थीबाट प्राप्त प्रतिक्रिया अनुसार नियमित हाजिर हुने, गृहकार्य कहिलेकाहीँ दिने र नियमित जाँच नगर्ने, कहिले झुक्याएर गृहकार्य जाँच गर्ने गरेको पाइयो । कक्षामा शिक्षकले पढाउँदा विषयसँग सम्बन्धित प्रश्नहरु , विद्यार्थीलाई कमै मात्रामा सोध्ने गरेको पाइयो । त्यसैगरी साप्ताहिक परीक्षा र मासिक परीक्षा नलिएको पाइयो ।

### ४.२.२ बीच-बीचमा सञ्चालन गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रिया

नमुना छनौटमा परेका विद्यालयमा गरिने बीच बीचका विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु निम्नानुसार पाइयो । संस्थागत विद्यालयमा साप्ताहिक परीक्षा, मासिक परीक्षा, प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षा सञ्चालन गरिने गरेको पाइयो । त्यसै गरी सामुदायिक विद्यालयतर्फ गरिने बीच बीचको मूल्याङ्कन प्रक्रियामा प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक वा अर्धवार्षिक परीक्षा रहेको पाइयो ।

### ४.२.३ अन्तिम विद्यार्थी मूल्याङ्कन प्रक्रिया

अध्ययन क्षेत्रको रुपमा नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीबाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गर्दा संस्थागत र सामुदायिक दुवै विद्यालयमा अन्तिम विद्यार्थी मूल्याङ्कनका रुपमा वार्षिक परीक्षालाई लिइएको पाइयो ।

### ४.२.४ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धी व्यवस्था

अध्ययन क्षेत्रबाट प्राप्त सूचनाको आधारमा नमुना छनोटमा परेका विद्यालयमा मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धमा निम्न अवस्था पाइएको थियो । संस्थागत विद्यालयमा विद्यार्थीको हरेक परीक्षाको लब्धाङ्कपत्र तयार गरी विद्यार्थीलाई दिने र अभिभावकलाई त्यसमा सही गराएर ल्याउनुपर्ने प्रावधान रहेको पाइयो । यसैलाई संस्थागत विद्यालयले विद्यार्थी मूल्याङ्कन प्रतिवेदनको रुपमा लिएर कमी कमजोरी पाइएका विषयमा पृष्ठपोषण दिने गरेको पाइयो । त्यसैगरी कक्षामा गृहकार्य नगर्ने विद्यार्थीलाई दण्डको रुपमा उठबस गर्न लगाउने, घुँडा टेकेर उभ्याउने गरेको पाइयो । गृहकार्य राम्रो गर्ने विद्यार्थीलाई प्रशंसा गर्ने, स्यावास , ठीक छ , धेरै राम्रो भन्ने गरेको पाइयो ।

त्यसैगरी हरेक विद्यार्थीको परीक्षाको लब्धाङ्कपत्र तयार गरी प्रत्येक विषयमा उसको के कस्तो उपलब्धि प्राप्त भएको छ। त्यसको अभिलेख राखी प्रगति प्रतिवेदन तयार पारेको पाइयो त्यसैगरी विद्यार्थीका अन्य व्यवहारहरु नियमित हाजिरी, स्वास्थ्य र सरसफाइ, अतिरिक्ति क्रियाकलापमा सहभागिताको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन तयार गरेको र विद्यालयको वार्षिक उत्सवमा पुरस्कार वितरण गर्ने गरेको पाइयो । त्यस्तै गरी सामुदायिक प्राथमिक विद्यालयमा पनि विद्यार्थीको हाजिरी, अतिरिक्त क्रियाकलापमा सहभागिता आदिको अवलोकन गरी वार्षिक रुपमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार दिने गरेको पाइयो । सामुदायिक विद्यालयमा विद्यार्थीको हाजिरीको नियमित रेकर्ड राख्ने गरेको पाइयो भने अन्य अतिरिक्त क्रियाकलापहरुको चाहिँ वार्षिक रुपमा प्रतिवेदन तयार गरेको पाइयोस सामुदायिक विद्यालयमा पनि विद्यार्थीको वार्षिक परीक्षाको उपलब्धिको आधारमा रजिष्टरमा  उपलब्धि राख्ने गरेको पाइयो । तर लब्धाङ्कपत्र विधार्थीलाई दिएर अभिभावककहाँ पठाउने गरेको पाइएन तर कुनै विद्यार्थीले लब्धाङ्कपत्र लिन चाहे लब्धाङ्कपत्र बनाएर दिने गरेको पाइयो ।

विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका साथै उसले प्राप्त गर्ने शैक्षिक उपलब्धिको लेखाजोखा गरी कमीकमजोरी भएका पक्षमा सुधार गर्न हरेक विद्यार्थीको प्रगति प्रतिवेदन तयार पारेमा विद्यार्थीका कमीकमजोरीहरु हटाउन सहयोग पुग्नेछ र त्यसबाट राम्रो शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ भन्ने धारणा विद्यालयका शिक्षक र प्रधानाध्यापकको रहेको थियो ।

## ४.३ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे सरोकारवालाहरुको धारणा

### ४.३.१ प्रधानाध्यापक, शिक्षकहरु र विद्यार्थीहरुबाट प्राप्त धारणा

यस अध्ययनको लागि नमुना छनोटमा परेका प्रधानाध्यापकबाट निम्न प्रतिक्रियाहरु पाइएको थियो । दुईवटै विद्यालयका प्रधानाध्यापकको धारणा अनुसार औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियामा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । अनौपचारिक विद्यार्थी मूल्याङ्कनका साधनमा भने संस्थागत विद्यालयले विद्यार्थीको हाजिरी, कक्षा परीक्षा साप्ताहिक परीक्षा, मासिक परीक्षा, अतिरिक्त क्रियाकलापको अवलोकन गर्ने गरेको पाइयो तर यी अनौपचारिक मूल्याङ्कनको लागि कुनै अङ्कको व्यवस्था गरेको पाइएन र वार्षिक परीक्षाको नतिजापछि विद्यालयको वार्षिक उत्सवमा हाजिरीमा प्रथम, अतिरिक्त क्रियाकलापमा प्रथम हुने विद्यार्थीलाई पुरस्कार दिइने गरेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा पनि विद्यार्थीको हाजिरी, अतिरिक्त क्रियाकलापको अवलोकन गर्ने गरेको तर कक्षा परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा सञ्चालन नगरेको पाइयो । त्यसैगरी दुवै विद्यालयमा विद्यार्थीको औपचारिक मूल्याङ्कन विद्यार्थीलाई कक्षा चढाउन र पास फेल निर्धारण गर्ने गरेको पाइयो । भने अनौपचारिक मूल्याङ्कन विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका लागि गर्ने गरेको कुरा प्रधानाध्यापकबाट जानकारी भयो ।

त्यसैगरी शिक्षकहरुबाट प्राप्त प्रतिक्रियालाई हेर्दा खेरि पनि विद्यार्थी मूल्याङ्कनमा औपचारिक मूल्याङ्कनमा बढी जोड दिइएको र औपचारिक मूल्याङ्कनलाई विद्यार्थीको पास फेल निर्धारण गर्न र कक्षा चढाउन प्रयोग गरिने गरेको पाइयो । त्यसैगरी विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा विद्यार्थीको नियमित उपस्थिति, विषयगत उपलब्धि, अतिरिक्त क्रियाकलापमा सहभागिता, स्वास्थ्य र सरसफाइको अवस्था आदि हेरेर वार्षिक रुपमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार दिने गरेको कुरा व्यक्त भएको पाइयो । विद्यार्थीको मूल्याङ्कन गर्दा औपचारिक मूल्याङ्कनमा मात्र केन्द्रित नरही अन्य क्रियाकलापहरु, हाजिरी, खेलकुद, अतिरिक्त क्रियाकलाप, स्वास्थ्य र सरसफाइको लागि पनि केही अङ्क छुट्याएर वार्षिक परीक्षा प्रणालीमा जोड्नुपर्ने कुरा व्यक्त भयो । यसो गर्दा विद्यार्थीमा पनि वार्षिक परीक्षामा मात्र केन्द्रित हुन पर्ने र अन्य अतिरिक्त क्रियाकलापप्रति चाख बढ्ने हुनाले विद्यार्थीले हरेक क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्ने कुरा व्यक्त भएको पाइयो ।

विद्यार्थीहरुबाट प्राप्त धारणा अनुसार विद्यालयले नियमित हाजिरी लिने गरेको, औपचारिक परीक्षाहरु, त्रैमासिक परीक्षा र वार्षिक परीक्षा लिने गरेको, समय समयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको र त्यसमा सहभागिता जनाउने गरेको कुरा व्यक्त गरेका थिए ।

यसरी शिक्षक, प्रधानाध्यापक र विद्यार्थीबाट प्राप्त धारणालाई विश्लेषण गर्दा खेरि दुबै विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरुले औपचारिक मूल्याङ्कनलाई मात्र जोड नदिई अनौपचारिक मूल्याङ्कनलाई पनि नियमित

रुपमा सञ्चालन गर्नुपर्ने, अनौपचारिक मूल्याङ्कनका लागि पनि परीक्षामा केही निश्चित पूर्णाङ्कको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेका थिए । यसरी अनौपचारिक मूल्याङ्कनमा जोड दिनाले विद्यार्थीको सम्पूर्ण पक्षको मापन गर्न सकिने कुरा शिक्षक र प्रधानाध्यापकले व्यक्त गरे । अनौपचारिक मूल्याङ्कनले विद्यार्थीमा परीक्षामुखी दृष्टिकोण बदलिने र अन्य अतिरिक्त क्रियाकलापप्रति बढी चाख बढ्ने हुनाले विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकास हुने कुरा व्यक्त गरेको पाइयो ।

### ४.३.२ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रणालीका सबल र दुर्बल पक्षहरु

**(क) सबल पक्षहरु**

- विद्यार्थीले हासिल गरेको उपलब्धि पत्ता लगाउन सजिलो हुनु ।
- विद्यार्थीको प्रगति विवरण राख्न सजिलो हुनु ।
- विद्यार्थीलाई पास फेल निर्धारण गर्न र कक्षा चढाउन सजिलो हुनु ।
- शैक्षिक कार्यक्रमको सफलता र असफलता निर्धारण गर्न सजिलो हुनु ।
- विद्यालयको शैक्षिक अवस्था पत्ता लगाउन सजिलो हुनु ।
- विषय शिक्षकलाई शैक्षिक प्रभावकारिता पत्ता लगाई सुधार गर्न सहयोग गर्नु ।
- त्रैमासिक परीक्षाद्वारा विद्यार्थीको सिकाइ उपलब्धिलाई पुनः स्मरण गराउन र विद्यार्थीको प्रगति थाहा पाउन सजिलो हुने ।
- प्रश्नपत्र निर्माण गर्दा सजिलो , मध्यम र कठिन प्रश्न बनाउनुपर्ने भएकाले ती प्रश्नका माध्यमबाट विद्यार्थीको स्तर छुट्याउन सकिने ।
- अनौपचारिक मूल्याङ्कनबाट विद्यार्थीका विभिन्न व्यवहारहरु अनुशासन, स्वास्थ्य, सरसफाई, खेदकुद, हाजिरी जवाफ , हिज्जे जस्ता अतिरिक्त क्रियाकलापमा सहभागिता सम्बन्धी विद्यार्थीको उपलब्धि स्तर पत्ता लगाउन सजिलो हुने ।

**(ख) दुर्बल पक्षहरु**

- विद्यालयमा सञ्चालित औपचारिक परीक्षाहरुमा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षाले मात्र विद्यार्थीको शारीरिक , मानसिक र सबेंगात्मक पक्षको विकासमा सहयोग नगरी कक्षा चढाउने र पास फेल निर्धारण गर्ने काम मात्र गरेको ।

- विद्यालयमा अनौपचारिक मूल्याङ्कन सम्बन्धी कुनै समय तालिका नभएको र जथाभावी रुपबाट सञ्चालन गरिएको ।

- समय समयमा विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम र प्रश्नपत्र निर्माण सम्बन्धी तालिम नदिएको ।

- अतिरिक्त क्रियाकलाप र अनौपचारिक मूल्याङ्कनका लागि कुनै अङ्कको व्यवस्था नगरेको औपचारिकतामा मात्र सीमित गर्ने गरेको ।

- विद्यार्थीको मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र प्रगति प्रतिवेदन तयार गर्नु पर्ने नियम भएको तर लागु नगरेको ।

- मूल्याङ्कन सम्बन्धी नयाँ ज्ञान, सीप तथा प्रविधिबारे शिक्षकमा ज्ञान नभएको ।

- विद्यार्थी मूल्याङ्कन गर्ने प्रक्रियाका सम्बन्धमा सरोकारवाला निकायहरुबाट नियमित रुपमा अनुगमन र निरीक्षण नगरेको

- औपचारिक र अनौपचारिक विद्यार्थीको मूल्याङ्कन गर्ने सम्बन्धमा परीक्षा प्रणालीमा मात्र जोड दिएको ।

**तालिका नं ५**

**संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रणालीका समानता र भिन्नताहरु**

| संस्थागत विद्यालयमा | सामुदायिक विद्यालयमा | दुवैमा पाइने |
|---|---|---|
| कक्षा परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा , प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रमासिक परीक्षा ,अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा, हाजिरी, गृहकार्य, अतिरिक्त क्रियाकलाप ,स्वास्थ्य र सरसफाइ ,अनुशासन | प्रथम त्रैमासिक परीक्षा, दोस्रो, त्रैमासिक परीक्षा, (अर्धवार्षिक परीक्षा) वार्षिक परीक्षा, हाजिरी , गृहकार्य, अतिरिक्त क्रियाकलाप, स्वास्थ्य र सरसफाइ, अनुशासन | प्रथम त्रैमासिक परीक्षा ,दोस्रो त्रैमासिक परीक्षा वा अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा , हाजिरी, गृहकार्य ,अतिरिक्त क्रियाकलाप,स्वास्थ्य र सरसफाइ, अनुशासन |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियामा दुवै विद्यालयमा केही समानता पाउन सकिन्छ । दुवै विद्यालयमा सञ्चालित औपचारिक मूल्याङ्कन प्रणालीमा प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षा गरी ४ पटक संस्थागत विद्यालयले परीक्षा सञ्चालन गर्ने गरेको पाइयो भने सामुदायिक विद्यालयले प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक र अर्धवार्षिक परीक्षालाई एउटै सञ्चालन गरेको र वार्षिक परीक्षा गरी ३ पटक परीक्षा सञ्चालन गरेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयमा हाजिरी नियमित हुने गरेको पाइयो । यसैगरी संस्थागतमा मात्र कक्षा परीक्षा साप्ताहिक परीक्षा र मासिक परीक्षा लिने गरेको देखियो । गृहकार्य सम्बन्धमा संस्थागतले नियमित दिने र जाँच गर्ने गरेको तर सामुदायिकमा नियमित नदिई कहिलेकाहीँ दिने र जाँच पनि कहिलेकाहीँ मात्र गर्ने गरेको पाइयो । संस्थागत विद्यालयले स्वास्थ्य, सरसफाई र अनुशासनको नियमित अवलोकन गरेको पाइयो भने संस्थागतले नियमित नगरी कहिलेकाहीँ गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलापको सञ्चालन भने हरेक महिनाको अन्तिम शुक्रबार संस्थागत र सामुदायिक दुवैमा सञ्चालन गर्ने गरेको पाइएको थियो ।

### ४.३.३ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्याहरु र समाधानका उपायहरु

**(क) विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्याहरु**

- संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनमा एकरुपता नभएको ।
- संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा बेग्लै बेग्लै किसिमका पाठ्यपुस्तक पढाउने गरेको र पढाउने भाषाको माध्यम पनि संस्थागतमा अंग्रेजी भएको र सामुदायिकमा नेपाली रहेको थियो ।
- परीक्षालाई मात्र विद्यार्थीको मूल्याङ्कन गर्ने मुख्य साधन ठान्नु र अन्य पक्षलाई वेवास्ता गर्नु ।
- प्रश्न निर्माण , परीक्षा सञ्चालन र अङ्कनमा स्पष्ट ज्ञानको अभाव हुनु ।
- संस्थागत विद्यालयका शिक्षकहरुले विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुनै तालिम नलिएको ।
- सामुदायिक विद्यालयमा विद्यार्थीको चाँप बढी भएको कारण विद्यार्थीको प्रगति विवरण राख्न नसकेको ।
- आवश्यक स्रोत र साधनको अभावमा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न नसक्नु ।
- परीक्षाको नतिजा विश्लेषण गरी शिक्षण सिकाइ, पाठ्यक्रम , पाठ्यपुस्तकमा सुधार ल्याउनुको सट्टा विद्यार्थीलाई पास फेल मात्र छुट्याउनु ।
- शिक्षकले आफ्नो विषयवस्तु पढाउनु मात्र जिम्मेवारी लिने तर निरन्तर विद्यार्थीको मूल्याङ्कन गर्ने सम्बन्धमा ध्यान नदिनु ।
- कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, मौका परीक्षा, विद्यार्थी अभिलेख साथीभाइसँगको व्यवहार, स्वास्थ्य र सरसफाइ जस्ता पक्षलाई मूल्याङ्कनले समेट्न नसकेको ।

**(ख) विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्याहरु समाधानका लागि सुझावहरु**

- संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियामा एकरुपता ल्याउन एउटै प्रकारको पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गर्नुपर्ने ।
- विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा पनि जोड दिनुपर्ने र अनौपचारिक मूल्याङ्कनको लागि परीक्षामा केही पूर्णाङ्क कायम गर्नुपर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र अङ्कनका लागि शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने ।
- विद्यालयमा न्यूनतम रुपमा विद्यार्थी संख्याअनुसार शिक्षक दरबन्दी कायम गर्नुपर्ने ।
- विद्यार्थीको अभिलेख निरन्तर रुपमा तयार गरी अद्यावधिक गर्नुपर्ने ।
- जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्रले समय समयमा निरन्तर अनुगमन सुपरिवेक्षण गर्ने र आवश्यक सरसल्लाह एवम् सुझाव दिनुपर्ने ।
- परीक्षाको नतिजालाई विद्यार्थी पास फेल र कक्षा चढाउने प्रयोजनका लागि मात्र नगरी शिक्षण सिकाइमा सुधार ल्याउन र पृष्ठपोषण प्रदान गर्नमा प्रयोग गर्नुपर्ने ।
- शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै निरन्तर रुपमा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने ।
- विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक स्रोत , साधनको व्यवस्था गर्नुपर्ने ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुधार गर्ने उपायहरु

### ५.१ प्राप्ति

वर्तमान समयमा प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्नै पर्ने भएको छ प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि विद्यार्थी मूल्याङ्कन प्रणालीले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसो हुनाले गर्दा नै प्राथमिक शिक्षाको विकासका लागि नेपाल सरकारले प्रशस्त लगानी गरेको छ । त्यसको केही भाग विद्यार्थी मूल्याङ्कनका लागि पनि गरेको छ । विभिन्न समयमा सरकारका तर्फबाट गठित आयोगहरु (ने.रा.शि.यो.आ. २०११, स.रा.शि.स. २०१८, रा.शि.प.यो २०२८, रा.शि.आ., २०४९ ले मूल्याङ्कन प्रणालीमा सुधार गर्नुपर्ने सुझावहरु दिए । वर्तमान समयमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले विद्यार्थीको औपचारिक मूल्याङ्कनमा पहिलो त्रैमासिक १० प्रतिशत, दोस्रो त्रैमासिक ३० प्रतिशत र अन्तिम परीक्षा ६० प्रतिशत अङ्कभारको गर्नुपर्ने व्यवस्था गरेको छ ।

यो अध्ययनको उद्देश्य संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबीचको भिन्नता पत्ता लगाउन र त्यसबारे सरोकारवालाहरुको धारणा पहिल्याउनु रहेको थियो । यो अध्ययन मोरङ जिल्ला सिजुवा गा.वि.स. अन्तर्गतका संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सीमित रहेको थियो । यो शोधकार्यलाई अगाडि बढाउनका लागि प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मा उल्लेखित मूल्याङ्कन प्रणालीलाई आधार मानिएको थियो ।

यस अध्ययनका लागि सिजुवा गा.वि.स. का संस्थागत विद्यालय मध्ये १ विद्यालय र सामुदायिक विद्यालयमध्ये १ विद्यालय गरी २ वटा विद्यालयमा गरिएको थियो । यो विद्यालयका प्रधानाध्यापक , शिक्षकहरुका साथै कक्षा ३-५ सम्मका १ छात्र र १ छात्रा गरी प्रत्येक कक्षाबाट २/२ जनाका दरले १२ जना विद्यार्थीलाई लिइएको थियो । सूचना सङ्कलन गर्ने क्रममा प्रधानाध्यापक र शिक्षकलाई अन्तर्वार्ता निर्देशिका र विद्यार्थीलाई प्रश्नावलीको माध्यमबाट आवश्यक सूचना सङ्कलन गरिएको थियो । अध्ययनका क्रममा विद्यालय अभिलेख, लेख, रचनालाई सहायक स्रोतको रुपमा प्रयोग गरिएको थियो । यसरी सूचना सङ्कलनमा प्रयोग गरिएका साधनहरुको वैधता निर्धारण शोध निर्देशकको सुझाव अनुसार गरिएको थियो ।

संस्थागत र सामुदायिक दुवै प्रकारका विद्यालयमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसँग गरिएको अन्तर्वाता निर्देशिका र प्रश्नावलीको माध्यमले सूचना सङ्कलन गर्दा सम्पूर्ण विद्यालयमा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षा गरी विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । विद्यालयमा लिइने त्रैमासिक र वार्षिक परीक्षाको भार पाठ्यक्रमले निर्धारण गरे अनुसार नै क्रमशः प्रथम त्रैमासिक १०, द्वितीय त्रैमासिक ३० र अन्तिम ६० प्रतिशत

छुट्याइएको पाइझो तर संस्थागत विद्यालयले भने केही परिवर्तन गरी प्रथम त्रैमासिक १० , द्वितीय त्रैमासिक १५, अर्धवार्षिक १५ र वार्षिक ६० प्रतिशत छुट्याइएको पाइयो । दुवै विद्यालयमा अनौपचारिक मूल्याङ्कन गर्ने गरेको तर त्यसका लागि कुने अङ्कभार नदिएको रहेछ । विद्यार्थी मूल्याङ्कनका लागि प्रश्नपत्र निर्माण सरकारी विद्यालयमा स्रोतकेन्द्रले गर्ने तर त्रैमासिक परीक्षाको विद्यालय आफूले निर्माण गर्ने र उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशन विद्यालय आफूले गर्दा रहेछ । निजी विद्यालयमा भने विद्यालय आफैले प्रश्न निर्माण, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन गर्ने रहेछन् । दुवै विद्यालयमा विद्यार्थी मूल्याङ्कनको आधार परीक्षा रहेको थियो । दुवै विद्यालयमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने कार्य प्रधानाध्यापक तथा शिक्षकहरु मिलेर गर्ने गरेको देखियो ।

मौका परीक्षा दुवै थरीका विद्यालयमा नहुने गरेको पाइयो तर दुवै विद्यालयले दुई विषयसम्म अनुत्तीर्ण हुने विद्यार्थीलाई पुनः कक्षा चढाउने गरेको कुरा प्रधानाध्यापक शिक्षकबाट जानकारी भयो । परीक्षा उत्तीर्ण हुने दुवै विद्यालयमा हरेक विद्यालयमा ३२ प्रतिशत प्राप्ताङ्क ल्याउनु पर्नेरहछे । परीक्षाफलको प्रयोग संस्थागत र सामुदायिक दुवै विद्यालयले विद्यार्थीलाई कक्षा चढाउने प्रयोजनका लागि मात्र गरेको पाइयो तर संस्थागत विद्यालयले भने सुधारात्मक कार्यमा पनि प्रयोग गर्ने गरेको पाइयो । पश्नपत्र निर्माण गर्ने प्रक्रियामा उद्देश्य , विशिष्टीकरण तालिकाको प्रयोग र उत्तरकुञ्जिकाको निर्माण भएको पाइएन । तर संस्थागत विद्यालयले सामान्य ज्ञान (General Knowledge) विषयमा भने उत्तरकुञ्जिका बनाउने गरेको देखियो ।

विद्यार्थीको लब्धाङ्कपत्र संस्थागत र सामुदायिकले फरक फरक किसिमबाट निर्माण र प्रयोग गर्ने गरेको पाइयो । संस्थागतले हरेक परीक्षापछि लब्धाङ्कपत्र तयार गरी विद्यार्थीलाई दिई अभिभावकलाई सही गराएर ल्याउनुपर्ने र वार्षिक परीक्षा पछि ल्याउन नपर्ने गरेको पाइयो । तर सामुदायिकमा भने लब्धाङ्कपत्र तयार नगरी रजिष्टरमा उल्लेख गर्ने गरेको रहेछ । कोही अभिभावकले आएर लब्धाङ्कपत्र मागेमा मात्र बनाएर दिने गरेको पाइयो ।

संस्थागत विद्यालयमा गृहकार्य नियमित रुपमा हरेक विषयमा दिने गरेको र नियमित जाँच गर्ने गरेको पाइयो भने सामुदायिक विद्यालयले नियमित गृहकार्य नदिने कहिलेकाहीँ दिने र जाँच पनि कहिले काहिँ गर्ने गरेको पाइयो । यसैगरी संस्थागत र सामुदायिक विद्यालयमा हिज्जे हाजिरीजवाफ, नृत्य, खेलकुद, अनुशासन, सरसफाइमाा प्रथम, दोस्रो र तेस्रो हुनलाई विद्यालयको वार्षिक उत्सवमा पुरस्कार वितरण गर्ने गरेको पाइयो ।

**(क) उद्देश्य १ अनुसारको प्राप्ति यसप्रकार रहेको थियो ।**

- निरन्तर विद्यार्थी मूल्याङ्कनमा दुवै विद्यालयले कुनै पनि अङ्क नछुटयाएको पाइयो।
- कक्षा परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा संस्थागत विद्यालयले सञ्चालन गरेको पाइयो ।

- औपचारिक परीक्षामा पनि संस्थागत विद्यालयले ४ पटक प्रथम त्रैमासिक, द्वितीय त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा गर्ने गरेको र सामुदायिकमा ३ पटक प्रथम त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन गर्ने गरेको पाइयो ।
- संस्थागत विद्यालयमा नियमित रुपमा सवै विषयमा गृहकार्य दिने र जाँच गर्ने गरेको पाइयो ।
- दुवै विद्यालयमा प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग र उत्तरकुञ्जिका निर्माण गरेको पाइएन् ।
- लब्धाङ्कपत्रको प्रयोग सम्वन्धमा संस्थागतले हरेक परीक्षा पछाडी दिने गरेको तर सामुदायिकमा नदिने गरेको पाइयो ।

**(ख) उद्देश्य २ अनुसारको प्राप्ति यसप्रकार रहेको थियो ।**

- औपचारिक विद्यार्थी मूल्याङ्कन विद्यार्थीलाई कक्षा चढाउन र पास फेल निर्धारण गर्न मात्र प्रयोग गरिएको ।
- अनौपचारिक मूल्याङ्कनका लागि वार्षिक परीक्षामा कुनै अंकभार नछुट्याइएको पाइयो।
- दुईवटै विद्यालयका प्रधानाध्यापकका अनुसार अनौपचारिक मूल्याङ्कन विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकासका लागि गर्नुपर्ने ।
- दुईवटै विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुका अनुसार अनौपचारिक मूल्याङ्कनका लागि अङ्क छुट्याउनुपर्ने र निरन्तर रुपमा अनौपचारिक मूल्याङ्कन गर्नुपर्ने ।

यसरी संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणालीमा एकरुपता ल्याउन पाठ्यक्रम र पाठ्यपुस्तक एकै प्रकारको लागु गर्नुपर्ने, संस्थागतका शिक्षकलाई पनि मूल्याङ्कन सम्बन्धी तालिम दिनुपर्ने, आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन निश्चित पूर्णाङ्कको व्यवस्था गर्नुपर्ने मूल्याङ्कन र शिक्षण सिकाइ सँगसँगै हुनुपर्ने, बीचबीचमा मूल्याङ्कन सम्बन्धी निरीक्षण, अनुगमन हुनुपर्ने र विद्यार्थी मूल्याङ्कनको लागि परीक्षालाई मात्र विद्यार्थी मूल्याङ्कनको साधनको रुपमा नलिई अन्य परीक्षण नगरिने साधनहरुको पनि प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीको उपलब्धिको मूल्याङ्कन प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ खण्ड ख अनुसार लिखित परीक्षाबाट हुने गरेको छ । संस्थागत विद्यालयमा ३ वटा त्रैमासिक परीक्षा पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र अर्धवार्षिक परीक्षा र एउटा अन्तिम परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा २ वटा त्रैमासिक पहिलो त्रैमासिक र अर्धवार्षिक र एउटा अन्तिम परीक्षाको माध्यमबाट विद्यार्थीको उपलब्धि निर्धारण गरेको पाइयो । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार शैक्षिक उपलब्धि बाहेकका अन्य पक्षहरु जस्तै विद्यार्थीको मानवीय व्यवहार, बानी आचरणको मूल्याङ्कन निरन्तर रुपमा अवलोकनको माध्यमबाट गर्नुपर्ने उल्लेख छ र त्यसको लागि कुनै अङ्कभार छुट्याइएको छैन । यस किसिमको विद्यार्थीको व्यवहारको मूल्याङ्कन नियमित रुपमा गर्ने र रेकर्ड राख्ने प्रचलन दुवै किसिमका विद्यालयमा छैन तर वर्षको अन्तमा परीक्षाफल प्रकाशित गरी पुरस्कार दिने क्रममा शैक्षिक उपलब्धिको साथसाथै अन्य पक्षहरुको जस्तै हाजिरी जवाफ, अनुशासन, स्वास्थ्य र सरसफाइ अन्य अतिरिक्त क्रियाकलापहरुको मूल्याङ्कन गरी पुरस्कार दिने प्रचलन छ । पाठ्यक्रममा उल्लेखित प्रत्येक एकाइको अन्तमा लिनुपर्ने एकाइ परीक्षा दुईवटै विद्यालयले लिने गरेको छैन । संस्थागत विद्यालयमा गृहकार्य नियमित रुपमा दिने र नियमित रुपमा जाँच गर्ने गरेको छ भने सामुदायिक विद्यालयमा नियमित रुपमा नदिने गरेको तर कहिलेकाहीँ दिने गरेको र नियमित गृहकार्य जाँच नगरी कहिलेकाहीँ गर्ने गरेको रहेछ ।

सामुदायिक विद्यालयमा त्रैमासिक परीक्षाको प्रश्न आफूले निर्माण गर्ने र अन्तिम परीक्षाको स्रोत केन्द्रंले निर्माण गर्ने गरेको तर उत्तर पुस्तिका परीक्षण र प्रश्नपत्र आफै निर्माण गर्ने गरेको पाइयो । दुईवटै विद्यालयमा प्रश्न निर्माण प्रक्रियामा विशिष्टीकरण तालिकाको प्रयोग नगरेको देखियो । त्यसैगरी दुवै विद्यालयले उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका नबनाउने गरेको तर संस्थागत विद्यालयले एउटा सामान्य ज्ञान विषयको उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका बनाउने गरेको पाइयो ।

अध्ययन क्षेत्रको रुपमा छनोट गरिएका संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीलाई उत्तीर्ण गराउने आधारमा सम्पूर्ण विषयमा ३२ प्रतिशत अङ्क ल्याउनुपर्ने र कुनै दुई विषयमा अनुत्तीर्ण हुनेलाई पनि अघिल्लो कक्षामा चढाउने गरेको रहेछ । तर पाठ्यक्रममा उल्लेख भए अनुसार दुई विषयमा अनुत्तीर्ण हुनेलाई मौका परीक्षाको व्यवस्था नगरेको पाइयो ।

विद्यार्थीको प्रगति विवरणबारे संस्थागत विद्यालयले हरेक परीक्षाको समाप्ति पछि लब्धाङ्कपत्र विद्यार्थीलाई दिने गरेको र अभिभावकले सही गर्नुपर्ने व्यवस्था गरेको छ । तर सामुदायिक विद्यालयमा यस्तो किसिमको व्यवस्था गरिएको छैन । दुईवटै विद्यालयमा विद्यार्थीको व्यक्तिगत , पारिवारिक, स्वास्थ्य सम्बन्धी विवरण छुट्टाछुट्टै नराखी सामुहिक रुपमा सामान्य अभिलेख राख्ने गरेको देखिन्छ ।

त्यसैगरी अन्तमा भन्नुपर्दा संस्थागत र सामुदायिक दुबै किसिमका प्राथमिक विद्यालयमा विद्यार्थीको मानवीय सम्बन्ध तथा सामाजिक विकास जस्ता पक्षको मूल्याङ्कन गर्ने तथा व्यवस्थित रुपबाट त्यसको अभिलेख राख्ने गरेको देखिदैन । त्यसैगरी विद्यार्थीको मूल्याङ्कन गर्दा लिखित परीक्षा बाहेकका अन्य साधनहरु मौखिक परीक्षा, अवलोकन, घटनावृत्त अभिलेख, सञ्चित अभिलेखको प्रयोग दुवै किसिमका विद्यालयमा गरिएको छैन ।

## ५.३ सुधार गर्ने उपायहरु

अनुसन्धानकर्ताको रुपमा विद्यालयको मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ । संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे अध्ययन गर्ने क्रममा प्रधानाध्यापक, शिक्षकहरु र विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया त्यसैगरी विभिन्न लेख, पत्रपत्रिका, पाठ्यपुस्तकको अध्ययन गरी निम्नानुसार सुझाव दिइएको छ।

- संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनमा एकरुपता ल्याउन एउटै प्रकारको पाठ्यपुस्तक र पाठ्यक्रमको माध्यमबाट पठनपाठन गर्नुपर्ने ।
- विद्यालयमा विद्यार्थीको चाप अनुसार शिक्षक दरबन्दी निर्धारण गर्नुपर्ने ।
- विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा जोड दिने र अनौपचारिक मूल्याङ्कनको लागि परीक्षामा निश्चित पूर्णाङ्क छुट्याउनुपर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न, प्रश्नपत्र निर्माण गर्न , परीक्षा सञ्चालन र अङ्कनका लागि शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने ।
- विद्यार्थीको व्यवहारको निरन्तर अवलोकन गरी त्यसको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने ।
- विद्यार्थी मूल्याङ्कनलाई कक्षा उत्तीर्ण गर्ने प्रयोजनका लागि मात्र गर्नुभन्दा विद्यार्थीको शारीरिक मानसिक र संवेगात्मक पक्षको विकासका लागि गनुपर्ने ।
- शिक्षकहरुलाई मूल्याङ्कन सम्बन्धी पुर्नताजगी तालिम समय समयमा प्रदान गर्नुपर्ने ।
- शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन निरन्तर रुपमा सँगसँगै सञ्चालन गर्नुपर्ने ।
- विद्यार्थी मूल्याङ्कन कार्यका लागि आवश्यक स्रोत र साधनको व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा सञ्चालन गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबारे जि.शि.का., स्रोत केन्द्रले समय समयमा नियमित रुपमा अनुगमन, सुपरिवेक्षण गर्नुपर्ने र देखिएका समस्याहरु समाधानका लागि आवश्यक सहयोग र सुझाव दिनुपर्ने ।

**सन्दर्भग्रन्थसूची**


अधिकारी, विष्णुप्रसाद (२०६७), *विद्यालय निरीक्षण स्रोत सामग्री,* काठमाडौँ : आशिष पुस्तक भण्डार ।

काफ्ले, भोजराज (२०५४),नेपालको शैक्षिक दर्पण, काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

के.सी. विष्णुबहादुर (२०६०) *शैक्षिक उपलब्धिमा प्रभाव पारेका तत्वहरु,* कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर । सनलाईट पब्लिकेशन स्टुडेन्टस् बुक्स ।

*प्राथमिक शिक्षा पाठ्यक्रम दिग्दर्शन* (२०४९) कक्षा (१-५) (२०५७) दोस्रो संस्करण नेपाल सरकार शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, लेखनाथ (२०५४), *नेपालमा शिक्षाको विकास,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*मूल्याङ्कन प्रविधि* (२०६०), नेपाल सरकार शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुर, शैक्षिक जनशक्ति विकास केन्द्र

*राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को प्रतिवेदन* (२०२८), काठमाडौं, शिक्षा मन्त्रालय ।

*राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)* , काठमाडौं, शिक्षा मन्त्रालय ।

*राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३),* शिक्षा मन्त्रालय, काठमाडौं ।

रानामगर, भद्रबहादुर (२०६१) *संस्थागत र सार्वजनिक विद्यालयबीच प्रवेशिका परीक्षाको परिणाममा भिन्नता देखिनाका कारणहरु,* कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय ।

*शिक्षा ऐन (२०२८)* (आठौँ संशोधन) अध्यादेश, २०६२ ।

*Central Bureau of statistics (2*008). Nepal in figures Kathmandu: CBS.

CERID (1980). *Achievement Study of Primary School Children's*, CERID.

Chaudhary, Kashilal (1983). *A study on study habit and their effects of Achievement of the students of Institute of education in Kathmandu district,* M. Ed. Thesis, Kirtipur, T.U.

Flash Report II 2062 (2005-2006). *Ministry of Education, Department of Education*, Sanothimi Bhaktapur.

Freemann, F.S. (1962). *Psychological Testing 3rd Edition* New Delhi: Oxford and IBS Publishing . Co. Pvt. Ltd.

Pfau H. Richard (1983), *Factor Related To Students School Achievement , Education Quarterly*, Vol. 28, No. 2, Kirtipur , T.U.

*School Level Education statistics of Nepal*. Ministry of Education, (2009-2010)

Sthapit, R.K. (1979). *Factor analytic study on some non- academic variables influencing Achievement of students of Public and private school within Kathmandu District* . M. Ed. Thesis, Kirtipur, T.U.

## अनुसूची एक

## छनोटमा परेका विद्यालयको नाम

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री सौठा उच्च माध्यमिक विद्यालय | सिजुवा-९ |
| २ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय | सिजुवा-३ |

# अनुसूची दुई

## छनोटमा परेका प्रधानाध्यापक र शिक्षकको नामावली

| क.स | नम | विद्यालय |
|---|---|---|
| १ | श्री विनोद लिम्बु (प्र.अ.) | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| २ | श्री फैदासिंह चौहान | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| ३ | श्री दिलानाथ विष्ट | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| ४ | श्री डिल्लीराम गोतम | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| ५ | श्री इन्द्रप्रसाद गुरागाइँ | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| ६ | श्री प्रेमप्रसाद पौडेल | श्री सौठा उच्च माध्यमिक विद्यालय |
| ७ | श्री छवि बास्कोटा (प्रिन्सिपल) | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ८ | श्री उमेश आचार्य | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ९ | श्री गिरीराज दाहाल | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| १० | सुश्री जमुना भट्टराई | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ११ | श्री गंगा खतिवडा | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| १२ | श्री शोभालाल बहरदार | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |

## अनुसूची तीन

### छनोटमा परेका विद्यार्थीहरुको नामावली

| क.स | नम | कक्षा | विद्यालय |
|---|---|---|---|
| १ | शैलेन्द्र कार्की | ३ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| २ | सुनिता रायमाझी | ३ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| ३ | दिनेश वाग्ले | ४ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| ४ | सकुन्तला अधिकारी | ४ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| ५ | अजय हस्दा | ५ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| ६ | सीता निरौला | ५ | श्री सौंठा उच्च माध्यमिक विद्यालय |
| ७ | कन्चन प्रसाई | ३ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ८ | समीक्षा दाहाला | ३ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ९ | सविता सापकोटा | ४ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| १० | किरण ढकाल | ४ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| ११ | सम्झना राई | ५ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |
| १२ | निशान्त ढकाल | ५ | श्री पाथिभरा अङ्ग्रेजी विद्यालय |

## अनुसूची चार

## प्र.अ. को लागि अन्तर्वार्ता निर्देशिका

**प्र.अ. को नाम :** **योग्यता :**

**विद्यालयको नामः** **तालिम :**

१.तपाईको विद्यालयमा कस्ता कस्ता मूल्याङ्कन प्रक्रिया प्रयोग गर्नुहुन्छ ?

२. सरले ती प्रक्रियाहरु कुन कुन समयमा को द्वारा प्रयोगमा ल्याउने गर्नुभएको छ ?

३.तपाईले कुन कुन मुल्याङकनलाई कति पूर्णाङ्क छुट्याउने गर्नुभएको छ ?

४. तपाईको विद्यालयमा विषयगत रुपमा अलग अलग मूल्याङ्कन गर्ने गर्नुभएको छ कि छैन ?

५.विद्यार्थीहरुको मूल्याङ्कन कुन प्रयोजनका लागि गर्ने गर्नु भएको छ ।

६. तपाईको विद्यालयमा विभिन्न परीक्षाको प्रश्नपत्र निर्माण कसले गर्दछ ?

७. तपाईले विद्यार्थी मूल्याङ्कनको लागि शिक्षकलाई कुन किसिमको सहयोग गर्नु भएको छ ?

८. तपाईको विद्यालयमा विद्यार्थीको आन्तरिक मूल्याङ्कन गर्ने गर्नु भएको छ ? कस्तो किसिमको गर्नुभएको छ ?

९.विद्यार्थीलाई कक्षा उत्तीर्ण हुन के कस्ता प्रावधान राख्नु भएको छ ?

१०.विद्यार्थीलाई कक्षा उत्तीर्ण गराउँदा परीक्षा बाहेकका केकस्ता साधनहरु प्रयोगमा ल्याउनु भएको छ ?

११.परीक्षाको परिणाम वा नतिजापछि लब्धाङ्कपत्र दिनुहुन्छ ?

१२.मौका परीक्षाको व्यवस्था गर्नुभएको छ कि छैन ? छ भने कस्ता विद्यार्थीलाई उपलब्ध गराउनु हुन्छ ?

१३. वर्तमान अवस्थामा प्राथमिक विद्यालय तहमा लागू भइरहेको विद्यार्थी मुल्याङ्कन प्रक्रियाबारे तपाईको राय के छ ? यस प्रणालीका राम्रा पक्षहरु के के छन् ?

१४.तपाईको बिचारमा विद्यार्थी मूल्याङ्कन प्रणालीका कमजोर पक्षहरु के के छन् ?

१५.तपाईको बिचारमा वर्तमान मूल्याङ्कन प्रणालीलाई सुधार गर्न के के गर्नुपर्दछ ?

१६.यहाँलाई उदार कक्षोन्नति नीति बारेमा जानकारी छ ?

१७. यो भनेको के हो? र किन गरिन्छ ? यसका आधारहरु के के छन् ?

## अनुसूची पाँच

## शिक्षकको लागि  अन्तर्वार्ता प्रश्नावली

**शिक्षकको नाम :** **योग्यता :**

**विद्यालयको नाम :** **तालिम :**

१. तपाईको विद्यालयमा विद्यार्थी मूल्याङ्कनका लागि औपचारिक साधनको रुपमा के के प्रयोग गर्नुहुन्छ?

२. कुन कुन परीक्षा कति पटक गर्ने गर्नु भएको छ ?

३. तिनीहरुलाई कति कति पूर्णाङ्क छुट्याउनु भएको छ ?

४. औपचारिक मूल्याङ्कन बाहेक अनौपचारिक मूल्याङ्कन के के गर्नु भएको छ ?

त्यसबाट विद्यार्थीको कुल कुन पक्षको मूल्याङ्कन गर्नु भएको छ ?

५. तपाईले विद्यार्थी मूल्याङ्कनका बारे कहाँबाट जानकारी प्राप्त गर्नु भयो ?

६. यहाँले विभिन्न किसिमका परीक्षामा विद्यार्थी मूल्याङ्कनका के कस्ता साधनको प्रयोग गर्नुहुन्छ ?

७. हरेक कक्षा शिक्षणको अन्तयमा विद्यार्थीले बुझे नबुझेको कसरी थाहा पाउनुहुन्छ ?

८. विद्यार्थीलाई गृहकार्य दिनुहुन्छ कि हुँदैन ? दिनुहुन्छ ? भने कसरी जाँच गर्नुहुन्छ र कसरी पृष्ठपोषण दिनुहुन्छ ?

९. विद्यार्थीलाई सुधारका लागि हौसला वा प्रेरणा दिनुहुन्छ ? कसरी ?

१०. विद्यार्थी मूल्याङ्कन सम्बन्धी कुनै तालिम लिनु भएको छ ? कस्तो प्रकारको लिनु भएको छ ?

११. तपाईले तालिमबाट प्राप्त ज्ञान र सीप्को प्रयोग गर्नु भएको छ कि छैन ?

१२.परीक्षाको प्रश्नपत्र निर्माण कसरी गर्नुहुन्छ ? प्रश्न निर्माण गर्दा विषयवस्तुको विश्लेषण, विशिष्टीकरयण तालिका र उत्तरकुञ्जिका बनाउनु भएको छ ?

१३.विद्यार्थीलाई उत्तीर्ण गराउँदा परीक्षाबाहेकका अन्य कुन कुराहरुलाई आधार लिनु भएको छ ?

१४.तपाईको बिचारमा विद्यार्थी मूल्याङ्कन प्रणालीका राम्रा पक्षहरु के के छन् ?

१५.तपाईको बिचारमा विद्यार्थी मूल्याङ्कन प्रणालीका नराम्रा पक्षहरु के के छन्. ?

१६.तपाईको बिचारमा विद्यार्थी मूल्याङ्कन प्रणाली सुधार गर्न के गर्नुपर्ला ?

१७.विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउनका लागि तपाईको केही सुझाव छ कि ?

## अनुसूची छ

## विद्यार्थीका लागि प्रश्नावली

**विद्यार्थीको नाम :** **कक्षा :**

**विद्यालयको नाम :**

१. तिमी वर्षमा कतिपटक परीक्षा दिन्छौ ? कस्तो कस्तो प्रकारको परीक्षा दिन्छौ ?

२. शिक्षकले तिमीलाई गृहकार्य दिनुहुन्छ ? दैनिक, साप्ताहिक, मासिक, कहिलेकाहिँ कसरी दिनुहुन्छ ?

३. शिक्षकले गृहकार्य जाँच गर्नुहुन्छ ? त्यसमा सुझाव के दिनुहुन्छ ?

४. परीक्षाको उपलब्धिपछि लब्धाङ्कपत्र दिनुहुन्छ कि हुँदैन ? कनु परीक्षाको नतिजापछि दिनुहुन्छ ?

५. तिमीलाई कक्षामा शिक्षकले प्रश्नको सही उत्तर दिँदा गलत उत्तरदिँदा र उत्तर नदिँदा के गर्नुहुन्छ ?

६. सुधारको लागि सल्लाह दिनुहुन्छ कि हुँदैन ?

७. कक्षामा शिक्षकले कसलाई सबैभन्दा बढी प्रश्न गर्नुहुन्छ ?

८. तिमीलाई शिक्षकले के गर्दा गाली गर्नुहुन्छ र के गर्दा माया गर्नुहुन्छ ?

९. शिक्षकले कक्षामा पढाइ सकेपछि बुझे नबुझेको सोध्नुहुन्छ ? नबुझ्नेलाई के गर्नुहुन्छ ?

१०. तिमीलाई लिखित परीक्षा बाहेक अरु कुन परीक्षाहरु लिनुहुन्छ ?

११. तिमीलाई लिखित परीक्षा मन पर्छ ? मन पर्दैन भने अर्को कस्तो खालको परीक्षा मन पर्छ ?

## अनुसूची सात

## कक्षा अवलोकन फाराम

**विद्यालयको नाम :** **विषय:**

**कक्षा:**

| क्रं.सं | विवरण | हो | होइन | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्व ज्ञानको जाँच गरेको | | | |
| २ | पाठलाई पूर्व पाठसँग सम्बन्धित गरेको | | | |
| ३ | प्रश्नहरु सोध्ने गरिएको वा नगरेको | | | |
| ४ | पृष्ठपोषण गरिएको | | | |
| ५ | गृहकार्य परीक्षण | | | |
| ६ | पृष्ठपोषण | | | |
| ७ | प्रोत्साहन दिने कार्य गरेको | | | |
| ८ | निरुत्साहन गर्ने कार्य गरेको | | | |
| ९ | पाठको अन्तमा मुल्याङ्कन गर्ने गरेको | | | |
| १० | गृहकार्य दिएको | | | |

**टिप्पणी :**

**क. राम्रा कुराहरु :**

**ख. सुधार गर्नुपर्ने कुराहरु :**